सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ मंसिर २०८२, मंगलबार (18 Nov 2025, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २०८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

गाउँगाउँ पुगेर दृष्टि फर्काउँदै डा. रुइत

वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुइतले ताप्लेजुङ फुङलिङमा चलाएको आँखा शिविरमा दुई दिनमा १८५ ले पाए नयाँ दृष्टि



अँगालोभरिको माया...

फुङलिङ- ५, उकालीपानीका ६९ वर्षीय पूर्णबहादुर भट्टराईको दुवै आँखामा लगाएको पट्टी खोलिदिएर डा. रुइतले सोधे, 'ऊ त्याँ पर हेर्नोस् त के छ ? देखियो ? त्यहाँ माथि के लेखिएको छ ?'

पूर्णबहादुरका आँखाले प्रस्टै ठम्याए। 'श्री बाल मन्दिर आधारभूत विद्यालय...' खरर पढ्दै उनले भने, 'सबै देखियो।' पढ्दापढ्दै पूर्णबहादुर भावुक बन्दै गए। डा. रुइतलाई गर्लम्म अँगालो हाले, अनि श्रद्धापूर्वक भने, 'आमाले जन्म दिइन्, तपाईंले पुनर्जन्म। अब त मज्जाले देखुँ।' सामान्य हिँडडुल गर्नसमेत कठिनाइ भोग्दै आएका पूर्णबहादुर ज्योति फर्किएपछि वरिपरिका दृश्य विचरण गर्दै घर फर्किए।

फुङलिङमा **शिवहरि घिमिरे** र **केशवप्रसाद भट्टराई**/नयाँ पत्रिका

ताप्लेजुङ फुङलिङ- ५, हाङदेवाकी विष्णुमाया लिम्बू दुवै आँखा नदेख्दा छामेर भित्र-बाहिर गर्थिन्। छोराले बुहारी भित्र्याएको एक वर्षसम्म पनि बुहारीको अनुहार कस्तो छ भन्ने थाहा थिएन उनलाई। सोमबार वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुइतले विष्णुमायाका आँखा तेजिला बनाइदिए, उनले पहिलोपटक बुहारीको मुख हेर्न पाइन्।



दृष्टि फर्किएपछि बुहारीसँग विष्णुमाया

रुइतले अप्रेसनपछि आँखामा लगाएको पट्टी खोलिदिएपछि विष्णुमायाले खुसी बर्साइन्, 'ए सप्पै पो देखियो त ! छोराले राम्री बुहारी पो ल्याएको रहेछ।' आइतबार आँखा परीक्षण गराउन आउँदा उनलाई बुहारी सम्झना लिम्बूले डोऱ्याउँदै ल्याएकी थिइन्। ठ्याम्मै नदेख्ने उनका आँखा एकै दिनमा तेजिला भएका छन्, टाढा-टाढासम्म देख्न सक्ने। आँखाको पट्टी खोलेपछि सोमबार उनी आफैं हिँडेर घर फर्किइन्।

ताप्लेजुङकै महवाखोलाकी ७९ वर्षीया आसमाया लिम्बू पनि सोमबार आँखाको पट्टी खोल्दा कम्ता खुसी थिइनन्। 'देख्यो नि ! दुवै आँखा नदेख्दा त सास थुनिएजस्तो पो हुने रहेछ,' डा. रुइतले पट्टी

» पृष्ठ २ मा क्रमशः

■ डा. सन्दुक रुइत भन्छन्-

सबैले शल्यक्रियाको पैसा तिर्न सक्दैनन्, त्यसैले गाउँगाउँ पुगेर निःशुल्क सेवा दिएका हौं

हामीले जहाँ-जहाँ बिरामी छन्, त्यहीं पुगेर सेवा दिन खोजिरहेका छौं, मलाई पनि गाउँ-गाउँ र बिरामी भएको ठाउँमा पुग्न राम्रो लाग्छ। सबैले शल्यक्रियाका लागि पैसा तिर्न सक्दैनन्, यसका लागि रुइत फाउन्डेसनले पनि काम गरिरहेको छ। नेपालमा मोतीविन्दुबाट हुने अन्धोपना कम हुँदै गएको छ, नेपालमा मोतीविन्दुको शल्यक्रिया सहज भएको छ, उपचार सुलभ र सहज पनि छ।

मोतीविन्दु हुन नदिन आँखाको ख्याल गर्नुपर्छ। मानिसको उमेर ढल्कँदै, कपाल फुल्दै जाँदा बिस्तारै कुहिरो लाग्दै जान्छ, एउटा चन्द्रमा तीन-चारवटाजस्तै देखिन्छ, आँखाअगाडि तुषारो परे जस्तै हुन्छ। उपचार समयमा नभए ६-७ वर्षमा मानिस अन्धो हुन्छ, यो उमेरले हुने रोग हो, त्यसकारण ठ्याक्कै निवारण भने सम्भव छैन। उमेरबाहेक मधुमेह, खानपान र प्रदूषणले मोतीविन्दु पनि हुन्छ। त्यस्तै पछिल्लो समय अत्यधिक मोबाइल तथा ग्याजेटले केटाकेटीको आँखामा असर गरेको छ।

ठेकेदारका अध्यक्षले १४ वर्षअघि जिम्मा लिएको पुलको यो हालत

■ हुलाकी राजमार्गअन्तर्गत झापाको कन्काई नदीमा चार वर्षमा तयार पार्ने ठेक्का लिएर १४ वर्षसम्म अधुरै यो पुलको फाइल कारबाहीका लागि बल्ल सडक विभाग पुगेको छ। ०८० सम्मका लागि पाँचौंपटक थपिएको म्याद पनि काम नगरी गुजारेका ठेकेदार रवि सिंह अहिले फेरि भन्दै छन्, '०८४ असारसम्म म्याद थपिदिए पुल तयार पार्छौं।'

■ पुल अलपत्र पार्ने ठेकेदार



रवि सिंह



हरिनारायण रौनियार



● **युवराज पोखरेल**
प्रमुख, हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय, इटहरी

हामीले गत ३१ असोजमा १५ दिने सूचना जारी गरेपछि निर्माण व्यवसायीबाट इमेलमार्फत जवाफ आएको थियो। तर, प्रतिनिधि उपस्थित हुनुभएन। जवाफ चित्तबुझ्दो छैन। काम सक्ने विश्वासिलो आधार पनि देखिएन। हामीले २६ कात्तिकमा आयोजना निर्देशनालयमा फाइल पठाएका थियौं। निर्देशनालयबाट सडक विभागमा गइसकेको जानकारी आएको छ। अब विभागबाट निर्णय भएपछि ठेक्का अन्त्यको सूचना निकाल्छौं।

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको कन्काई नदीमा पुल नबन्दासम्म झापादेखि कञ्चनपुरसम्म मधेशको लाइफलाइन मानिएको हुलाकी राजमार्ग अपूरै रहन्छ। ठेक्का सम्झौताअनुसार काम भइदिएको भए १० वर्षअघि नै यहाँ पुल बनेर गाडी गुडिसक्थे। तर, दुर्भाग्य निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह र पूर्वसांसद हरिनारायण रौनियारको कम्पनीले ज्वाइन्ट भेन्चर (जेभी)मा जिम्मा लिएको पुल १४ वर्षसम्म पनि अधुरै छ।

रौनियारको पप्पु कन्स्ट्रक्सन र सिंहको महादेव खिम्ती जेभीले २९ जेठ ०७२ मा निर्माण सक्ने गरी ३१ जेठ ०६८ मा ठेक्का पाएका थिए। ३४ करोड नौ लाखमा ठेक्का लिएर सम्झौताअनुसार काम नगरे पनि पाँचपटकसम्म म्याद थपको राहत पाइरहे। पाँचौंपटकको म्याद

» पृष्ठ २ मा क्रमशः

■ सार्वजनिक खरिद ऐनमै छ- **ठेक्का रद्दपछि बाँकी कामका लागि लाग्ने रकम काम नगर्ने ठेकेदारबाटै असुल गर्नुपर्छ**

सार्वजनिक खरिद ऐनमा ठेक्का तोडिएपछि ठेकेदार कम्पनीमाथि हुने कारबाहीका सम्बन्धमा उल्लेख छ। ऐनको दफा ५९ को उपदफा ७ मा ठेक्का तोड्न सक्नेसम्बन्धी व्यवस्था छ भने उपदफा ८ मा ठेक्का तोडिएपछि बाँकी हुने काम गराउन लाग्ने रकमसमेत निर्माण कम्पनीबाट सरकारी बाँकीसरह असुल गर्ने व्यवस्था छ। उपदफा ७ मा भनिएको छ, 'सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ।' त्यस्तै, उपदफा ८ मा थप भनिएको छ, 'उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो कामबापत राखिएको पूरै जमानत जफत हुनेछ। सम्झौता अन्त्य भएको कारणले सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकीसरह असुलउपर गरिनेछ।' कालोसूचीमा राख्ने व्यवस्था भने ऐनको दफा ६३ मा छ। ठेक्काका क्रममा अरू अनियमितता भए अख्तियारबाट मुद्दा अघि बढाउनुपर्ने व्यवस्था छ।

प्रतिनिधिसभा निर्वाचनमा भाग लिन पहिलो दिनमै १२ दल दर्ताको निवेदन

०७९ को चुनावमा ११९ मध्ये ८७ दल चुनावी प्रयोजनका लागि निर्वाचन आयोगमा दर्ता भएका थिए। त्यसमा पनि प्रत्यक्षतर्फ ६८ र समानुपातिकतर्फ ४७ दलले मात्रै भाग लिएका थिए।



५१ दिनमा पाँच लाख मतदाता थपिए

आयोगको नियमित प्रक्रियाबाट तीन लाख र राष्ट्रिय परिचयपत्रको बायोमेट्रिकबाट दुई लाख थपिए

(विस्तृत पृष्ठ ३)

बंगलादेशकी पूर्वप्रधानमन्त्री हसिनालाई मृत्युदण्डको फैसला

अघिल्लो वर्षको अगस्टमा भएको विद्यार्थी आन्दोलनमा तत्कालीन हसिना नेतृत्वको सरकारले गरेको बर्बर दमनमा १४ सयभन्दा धेरैको मृत्यु भएको थियो, जसमध्ये अधिकांश सुरक्षाकर्मीको गोलीबाट मारिएका थिए

सुवास शर्मा/नयाँ पत्रिका



बंगलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनालाई त्यहाँको विशेष अदालतले मृत्युदण्डको सजाय सुनाएको छ। गत वर्ष भएको विद्यार्थी आन्दोलनमा बर्बर दमन गरेर मानवताविरोधी अपराध गरेको ठहर गर्दै सोमबार अदालतले फैसला सुनाएको हो।

गत वर्षको अगस्टमा भएको आन्दोलनका क्रममा १४ सय जनाको मत्यु भएको थियो, जसमध्ये धेरैजसो सुरक्षाकर्मीको गोलीबाट मारिएका थिए। आन्दोलनकारीले राजधानी कब्जा गर्दै प्रधानमन्त्री निवासतर्फ आउन थालेपछि तत्कालीन प्रधानमन्त्री ७८ वर्षीया हसिना देश छाडेर भागेकी थिइन्। अहिले पनि भारतमा शरण लिइरहेकी छिन्। उनको अनुपस्थितिमा मुद्दा चलाएर फैसला आएको हो।

अदालतले हसिनाको मन्त्रिपरिषद्का गृहमन्त्री असदुज्जमान खान र प्रमुख साक्षीका रूपमा बयान दिएका पूर्वप्रहरी प्रमुख चौधरी अब्दुल्लाह अल-मामुनलाई पनि दोषी ठहर गरेको

» पृष्ठ २ मा क्रमशः

यो फैसलाविरुद्ध हसिनाले माथिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछिन्

भारतमा शरण लिइरहेकी हसिनालाई सुपुर्दगी गर्न बंगलादेशको आग्रह

■ भारतले भन्यो-

बंगलादेशका जनताको सर्वोत्तम हितप्रति प्रतिबद्ध छौं

हसिनालाई सुपुर्दगी गर्ने विषयमा भने मौन

भारतको विदेश मन्त्रालयले हसिनाविरुद्धको फैसलालाई सम्बोधन गर्दै एक विज्ञप्ति जारी गरेको छ। फैसलालाई ध्यान दिएको भन्दै विज्ञप्तिमा भनिएको छ, 'बंगलादेशका जनताको सर्वोत्तम हितप्रति भारत प्रतिबद्ध छ। उक्त उद्देश्यका लागि सबै सरोकारवालासँग रचनात्मक रूपमा संलग्न हुनेछौं।' हसिना र पूर्वगृहमन्त्री खानलाई सुपुर्दगी गर्न बंगलादेशले गरेको आह्वानबारे भने विज्ञप्तिमा प्रस्ट रूपमा केही उल्लेख गरिएको छैन। जानकारहरूका अनुसार भारतले हसिनालाई बंगलादेश सुपुर्दगी गर्ने सम्भावना अत्यन्तै कम छ। हसिनाका छोराले उनलाई कहिल्यै सुपुर्दगी नगरिने र भारतीयले उनको सुरक्षा सुनिश्चित गर्ने बताएका छन्। यस्तो भएमा दुई देशबिच कूटनीतिक समस्या निम्तिन सक्छ।



गाउँगाउँ पुगेर...

पृष्ठ १ बाट क्रमशः

खोलिदिँदै कस्तो देखियो भनेर सोध्दा उनको जवाफ थियो, 'सबै देखियो त ।' आसमायाले देखे-नदेखेको थप प्रस्ट हुन डा. रुइतले आफ्नो औंला र नाक समाउन लगाए । नाकमायाले सजिलै समाइन् ।

पट्टी खोल्ने पालो आयो- फुङलिङ- ५ उकालीपानीका ६९ वर्षीय पूर्णबहादुर भट्टराईको । डा. रुइतले दुवै आँखामा लगाएको पट्टी खोलिदिएर भने, 'ऊ त्याँ पर हेर्नोस् त के छ ? देखियो ? त्यहाँ माथि के लेखिएको छ ?'

पूर्णबहादुरका आँखाले प्रस्टै ठम्याए । 'श्री बाल मन्दिर आधारभूत विद्यालय...।' खरर पढ्दै उनले भने, 'सबै देखियो ।' पढ्दापढ्दै पूर्णबहादुर भावुक बन्दै गए । डा. रुइतलाई गर्लम्ङ अँगालो हाले, अनि श्रद्धापूर्वक भने, 'आमाले जन्म दिइन्, तपाईंले पुनर्जन्म । अब त मज्जाले देखिँ ।' सामान्य हिँडडुल गर्नसमेत कठिनाइ भोग्दै आएका उनी आँखाको ज्योति फर्किएपछि वरिपरिका दृश्य विचरण गर्दै घर फर्किए ।

'मैले त प्रस्टै देखेँ' भन्दै एकपछि अर्कोले खुसी साटिरहेको सुनेकी ८० वर्षीया पवित्रा लिम्बू आफ्नो आँखाको पट्टी खोल्ने पालो कति वेला आउला भनेर उत्सुक थिइन् । केहीबेरमै पालो आइहाल्यो । ताप्लेजुङकै विकट ओलाङचुङगोलामा जन्मिएका डा. रुइतले पट्टी निकालिदिएर लेकाली लवजमा सोध्दै गए, 'अब आँखा खोल त । देख्यौ नि ? त्याँ टोपी लगाएको मान्छे देख्यौ ? याँ कतिवटा औंला छन् ?' पवित्रा पनि खुसी पोख्न हतार थिइन् । फटाफट जवाफ फर्काइन्, 'देख्यो नि, किन नदेख्नु ? टोपी कालो र फुम्रो छ, औला पाँचवटा छ, आँखा नदेख्दा अब मरिन्छ कि भन्ने लागेको थियो, संसार नै छैनजस्तो सोच हुन्थ्यो, छामछुम गर्दा-गर्दा भित्तामा ठोक्किन्थ्यो, अब त आफैं हिँड्न पो सक्छु, घाम त कति उज्यालो रहेछ ।'

मोतीविन्दुले बन्द भएका आँखा तीन वर्षपछि खुलेपछि उनको शरीरमा जोसजाँगर थपियो । आइतबार आँखा परीक्षण गर्दा बुहारीलाई लिएर आएकी पवित्रा ठमठमी हिँडेर फर्किइन् ।

फुङलिङकै ७२ वर्षीया नेप्टीमाया शेर्पाले पनि दुई वर्षदेखि दुवै आँखा देख्न छाडेकी थिइन् । घरबाहिर कतै निस्किँदा डोऱ्याइदिने सहारा चाहिन्थ्यो उनलाई । तर, सोमबार जीवन उल्टियो, डोऱ्याउने र बाटो देखाउने कोही चाहिएन । बाहिरी दुनियाँ देखेपछि उनले खुसी साँटिन्, 'ओहो ! डाक्टरले त आँखा नै दिँदा रहेछन् ।' उनी पनि रमाउँदै घर फर्किन् ।

उमेरले ९६ पुगेकी फुङलिङकै लीलादेवी पौडेलका दुवै आँखाले देख्न छाडेको एक वर्ष भएको थियो । उमेर ढल्किँदै गएपछि उनलाई लागेको थियो, अब त जीवन अन्धकारमै बित्छ । तर, जीवनको लय बदलियो । 'मेरा कान त टाठै थिए, तर आँखाको ज्योति गुमेपछि धेरै गुमाएजस्तो हुने रहेछ । अहिले त सपनाभैं लागिरहेको छ । कति राम्रो उज्यालो देखियो, मान्छेहरू कति राम्रा हुन् !'

फुङलिङ बजारनजिकै रहेको बालमन्दिर आधारभूत विद्यालयपरिसरमा सोमबार बिहानैदेखि चहकिलो घाम लागिरहेको थियो । विद्यालयको चउरमा राखिएका मेचमा बसेका थिए, आँखाको अप्रेसन गरेर पट्टी बाँधिएका १०७ जना बिरामी । आइतबार उनीहरूको शल्यक्रिया भएपछि सोमबार बिहान पट्टी खोल्न बोलाइएको थियो । घमाइलो बिहानीसँगै वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुइत र डा. सागर रुइतले उनीहरूको आँखाको पट्टी खोलिदिएका थिए । उनीहरूको आँखाको ज्योति फर्किँदा, पारिपट्टि टल्किरहेका हिमालले हेर्न आह्वान गरिरहेझैं लाग्थ्यो ।

दुई दिनमा १८५ को शल्यक्रिया, मंगलबार पनि निरन्तरता

डा. सन्दुक रुइत र डा. सागर रुइतको टिमले आइतबार १०७ जनाको शल्यक्रिया गरेको थियो । सोमबार ७८ जनाको शल्यक्रिया भएको छ । मंगलबार पनि केहीको शल्यक्रिया हुनेछ । अघिल्लो दिन शल्यक्रिया गरेर भोलिपल्ट पट्टी खोलिन्छ । आइतबार र सोमबार गरी आँखा उपचार केन्द्रमा एक हजार चार सयभन्दा बढीको दृष्टि परीक्षण गरिएको छ । त्यसमध्ये वर्गीकरण गरेर आवश्यकको शल्यक्रिया गरिएको हो । शल्यक्रिया गर्नुपर्ने बिरामी थपिँदै गएपछि मंगलबार पनि निरन्तरता दिइने तिलगंगा आँखा अस्पतालका बाह्य कार्यक्रम अधिकृत महेश पराजुलीले बताए ।

बिरामीसँग रमाउँदै शल्यक्रिया गर्दै

आँखाको पट्टी खोल्दा सोमबार बिरामीको अनुहार जति उज्यालो थियो, त्यत्तिकै चमक थियो डा. रुइतको अनुहारमा पनि । उनी बिरामीसँग आत्मीयता साट्दै, भलाकुसारी गर्दै रमाइरहेका देखिन्थे ।

तिलगंगा आँखा अस्पतालको टिमले गत वर्ष पनि ताप्लेजुङमा आँखा शिविर र शल्यक्रिया गरेको थियो । त्यतिवेला १५४ जनाको मोतीविन्दुको शल्यक्रिया गरिएको थियो । तर, यस वर्ष गत वर्षभन्दा धेरैको शल्यक्रिया गरिएको छ । यस वर्ष बिरामीको उल्लेखीय भिड रहेको आँखा उपचार केन्द्रका प्रमुख काजीमान गुरुङले जानकारी दिए । उनका अनुसार तिलगंगा आँखा अस्पतालबाट पुगेको उपचार टिम, सामुदायिक आँखा उपचार केन्द्र र नेत्रज्योति संघ ताप्लेजुङ शाखाको टिमले शनिबार बिहानदेखि परीक्षण थालेको थियो । तीनदिने आँखा परीक्षण तथा शल्यक्रियामा स्थानीयको उल्लेखीय उपस्थिति देखिएको उनले बताए ।

'डा. रुइतको हातबाट शल्यक्रिया गराउन पाइने भएपछि बिरामीहरू धेरै आउनुभएको छ, कतिपय त मोतीविन्दुको समस्या दबाएर गाउँमै बस्नुभएको थियो, गाउँमै आयोजना भएको शिविरबाट उहाँहरूलाई ठुलो राहत मिलेको छ,' गुरुङले भने ।

ठेकेदारका अध्यक्षले...

पृष्ठ १ बाट क्रमशः

सकिएको पनि दुई वर्ष भइसक्यो । अर्थात् ०८० असारमै सकिएको थियो । हुँदाहुँदै वैशाखयता त काम पूर्ण रूपमा ठप्प छ । १४ वर्षमा ५६ प्रतिशत काम सकेको देखाएर ठेकेदारले ५६ प्रतिशत नै भुक्तानी खल्तीमा हालिसकेका छन् । ५६ प्रतिशत काम सकेको र ५६ प्रतिशत नै भुक्तानी लगेको हुलाकी राजमार्ग आयोजना कार्यालय इटहरीका सूचना अधिकारी उपेन्द्र दासले बताए । तर, १४ वर्षअघि नदीमा बर्खामा डुंगा र हिउँदमा बाँसको पुलमार्फत जोखिमपूर्ण यात्रा गर्ने नागरिकको नियति अहिले पनि उस्तै छ ।

झापाको गौरीगन्ज गाउँपालिका र झापा गाउँपालिका जोड्ने सात सय मिटर लामो पुलको काम सुरुमा रौनियारको कम्पनी पप्पुले गरेको थियो । उसले अलपत्र पारेपछि सिंहको कम्पनी महादेव खिम्तीले अघि बढायो । तर, उसले पनि निर्माणमा गति दिएन ।

१४ वर्षपछि अहिले आएर पुलको ठेक्का रद्दको फाइल केही दिनअघि मात्रै सडक विभागमा पुगेको छ । हुलाकी राजमार्ग आयोजना कार्यालय इटहरीले पप्पु र महादेव खिम्ती जेभीबाट प्राप्त स्पष्टीकरण चित्तबुझ्दो नरहेको भन्दै ठेक्का रद्दको निर्णयका लागि आयोजना निर्देशनालय हुँदै विभागमा फाइल पठाएको हो । निर्माण कम्पनीबाट चित्तबुझ्दो स्पष्टीकरण र काम सम्पन्न गर्ने विश्वसनीय आधार पेस नभएकाले ठेक्का रद्दको प्रक्रिया अगाडि बढाइएको हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय इटहरीका प्रमुख युवराज पोखरेलले बताए ।

'हामीले गत ३१ असोजमा १५ दिने सूचना जारी गरेपछि निर्माण व्यवसायीबाट इमेलमार्फत जवाफ आएको थियो । तर, प्रतिनिधि उपस्थित हुनुभएन । जवाफ चित्तबुझ्दो छैन । काम सक्ने विश्वासिलो आधार पनि देखिएन,' उनले भने, 'हामीले २६ कात्तिकमा आयोजना निर्देशनालयमा फाइल पठाएका थियौं । निर्देशनालयबाट सडक विभागमा गइसकेको जानकारी आएको छ । अब विभागबाट निर्णय भएपछि ठेक्का अन्त्यको सूचना निकाल्छौं ।' आयोजनाले ३१ असोजमा १५ दिने सूचना जारी गरेर पुल निर्माण सम्पन्न गर्न सक्ने संशोधित कार्यतालिका, स्रोत-साधन परिचालनको भरपर्दो योजना र कार्यसम्पन्न प्रतिबद्धता र ठेक्का रद्द गर्नुनपर्ने कारणको स्पष्टीकरणसहित उपस्थित हुन भनेको थियो ।

चार वर्षमा सक्नुपर्ने पुल १४ वर्षसम्म नसकेका महादेव खिम्तीका सञ्चालक सिंहले भने ठेक्काको म्याद ०८४ असारसम्म थपिदिए पुल तयार पार्ने दाबी गरेका छन् । 'हामीले स्पष्टीकरण पेस गरेका छौं । ०८० असारदेखि म्याद थप नहुँदा पनि समस्या भएको छ । म्याद थप नभएपछि दिल खोलेर पनि काम गर्न सकिएको छैन,' उनले भने, '०८४ असारसम्मको म्याद मागेका छौं ।'

पप्पुले काम नगरेपछि आफ्नो कम्पनीले थाले पनि बाढीका कारण समयमा गर्न नसकेको उनको तर्क छ । त्यस्तै, दुईवटा स्पामको काम सक्दा पनि भुक्तानी नआएपछि समस्या भएको समेत बताएका छन् । 'लामो पुल निर्माण अनुभवको प्रमाणपत्र पाइन्छ भन्ने लोभले पनि काम गरियो । ०७५ मै छाड्न खोजेको, त्यो वेला छाड्न दिएनन् । पछि कर्मचारीले पनि सहयोग गरेनन्,' उनले अन्यत्र दोष देखाए ।

अलपत्र पुलको अवलोकनका लागि यसअघि प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री, मन्त्रीदेखि सांसदसम्म पटक-पटक कन्काई नदी गएका थिए । तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले त काम नगरे निर्माण व्यवसायीलाई कारबाही गर्ने धम्की दिए । तर, न निर्माण व्यवसायीले काम गरे न त मन्त्री दाहालले निर्माण व्यवसायीलाई कारबाही नै गर्न सके । पछिल्लोपटक जेन-जी आन्दोलनको जगमा बनेको सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले एक महिनाअघि पुलको अनुगमन गरेका थिए । उनले वर्षौंदेखि अलपत्र पारिएका यस्ता आयोजनाको ठेक्का तोड्ने नीति लिएका छन् ।

पुल चाँडो निर्माण गर्न पटक-पटक ध्यानाकर्षण गराउँदा पनि काम हुन नसकेको गौरीगन्ज गाउँपालिका अध्यक्ष फूलवती राजवंशीले बताइन् । 'हामीले प्रधानमन्त्री, मन्त्रीदेखि सांसद आउँदा पनि ध्यानाकर्षण गराएकै हो । तर, पुल निर्माणको काम अघि नबढ्दा छक्क परिरहेका छौं,' उनले भनिन्, 'बाटो बनिसक्यो । तर, पुल नहुँदा जनतालाई सास्ती छ । यो पुल निर्माण हुनेबित्तिकै प्रदेश राजधानी विराटनगर पुग्न आधा समय कम हुन्छ । पुल निर्माण नहुँदा पनि बर्खामा डुंगा र हिउँदमा बाँसको पुलबाट दैनिक एक हजार नागरिक आवतजावत गर्छन् ।'

नदी वारपार गर्न हिउँदमा बाँसको पुल र बर्खामा डुंगाको भर

१४ वर्षअघि नदीमा बर्खामा डुंगा र हिउँदमा बाँसको पुलमार्फत जोखिमपूर्ण यात्रा गर्ने नागरिकको नियति अहिले पनि शतप्रतिशत उस्तै छ । नदी तरेर पाँच किमिमा हुने यात्रा बर्खामा ठुलो पानी पर्दा पूर्व-पश्चिम राजमार्ग हुँदै घुम्दा करिब ४० किमि छिचोल्नुपर्छ ।

बाँसको पुल र डुंगाको यात्रा पनि सित्तैमा होइन, पैसा तिरेर मात्रै गर्न पाइन्छ । पालिकाले नै ठेक्का लगाउँछ । डुंगा र पुल सञ्चालकले एकपटक यात्रा गर्दा मान्छेको ५० तथा मोटरसाइकलसहित मान्छेको १५० रुपैयाँ लिने गरेका छन् । असोज र कात्तिकको वर्षाका कारण अहिले पनि कन्काई नदीमा बाँसको पुलमा मात्र यात्रा गर्न सकिने अवस्था छैन । सानो भंगालोमा बाँसको पुल छ भने नदीको ठुलो भंगालोमा डुंगा चलाइएको छ ।

डुंगा र बाँसको पुलबाट यात्रा जोखिमपूर्ण रहेको शिवसताक्षी- ५ का युवराज ताजपुरियाले बताए । 'यो पुल १४ वर्षदेखि अलपत्र छ । प्रधानमन्त्रीदेखि मन्त्रीसम्म पटक-पटक हेर्न आए, तर पुल कहिल्यै बनेन । ठेकेदारले सरकारलाई टेरेन, सरकारले ठेकेदारलाई ठेगान लगाउन सकेन,' उनले भने, 'हामीले कहिलेसम्म सास्ती व्यहोर्नुपर्ने हो ? हुलाकी राजमार्गको बाटो बन्यो पुल बनेन । यहाँ बिहानदेखि बेलुकासम्म भिड हुन्छ । तर, सरकारले पुल बनाउन चासो देखाएन ।'

लामो समयदेखि अलपत्र रहँदा स्थानीयलाई यो पुल बन्नेमा आशा हराउँदै गएको छ । 'हामी दैनिक यो बाटो हिँड्नुपर्छ । तर, सधैं पैसा तिरेर हिँड्छौं । पुल बनाउने भन्न कहिले छाड्दैनन् । चुनावमा यो पुल नारा बन्छ,' झापा गाउँपालिका- ३ की चानमुनी मड्डीले भनिन्, 'हामीले पनि यो पुल तर्न पाउँछौं भन्ने आशा छैन । काम नै हुँदैन कसरी बन्ला र ?'

हिउँदमा नदी सानो हुने भए पनि बर्खामा निकै सास्ती हुने गरेको गौरीगन्ज-३ की फागनी ताजपुरियाले बताइन् । पुल नबन्दा बाँसको पुल र डुंगामा पैसा तिरेर यात्रा गर्नुपर्ने गुनासो उनको पनि छ । 'यत्रो समय नबनेको पुल अब बन्छ भन्ने आशा छैन,' उनले भनिन् ।

डुंगा र पुल चढेको शुल्क पनि महँगो, पालिकाले तोकेभन्दा धेरै लिन्छ ठेकेदार

कन्काई नदीमा पक्की पुल नबनेपछि सुक्खायाममा बाँसको पुल र बर्खामा डुंगा चलाउने गरिएको छ । पालिकाले यो सुविधा दिएर नागरिकलाई निःशुल्क यात्रा गराउनुपर्ने हो । तर, ठेक्कामा लगाएको छ, जहाँ शुल्क निकै महँगो छ । गौरीगन्ज गाउँपालिकाले डुंगा र बाँसको पुलमा प्रतिव्यक्ति दुईतर्फी यात्रा गर्न २० रुपैयाँ निर्धारण गरिदिएको छ । तर, बाँसको पुल र डुंगा सञ्चालन गर्न तीन लाख ६० रुपैयाँमा ठेक्का पाएका स्थानीय अरुण मण्डलले एकतर्फी यात्रा गर्दा ५० रुपैयाँ लिँदै आएका छन् । यस्तै, प्रतिव्यक्ति र साइकल दुईतर्फी यात्रा गर्दा ३० रुपैयाँ, प्रतिव्यक्ति र मोटरसाइकल दुईतर्फ यात्रा गर्दा ६० रुपैयाँ तोकिदिएको छ । तर, मोटरसाइकल र एक व्यक्ति एकतर्फी यात्रा गर्दा १५० रुपैयाँ लिने गरेको कन्काई पुलमा डुंगाबाट यात्रा गर्दैगर्दा भेटिएका मोरङ पथरी शनिश्चरेका डेबिड राईले बताए ।

'म झापा बजार आएको थिएँ । यहाँ डुंगामा मोटरसाइकल र व्यक्तिको १५० रुपैयाँ लिए । स्थानीय सरकारले निःशुल्क गर्नुपर्ने ठेक्का लगाएर कर उठाइरहेको छ,' उनले भने, 'एउटा व्यक्तिलाई सञ्चालन गर्न दिएर पुलको नाम लिएर व्यवसाय गर्न दिएको देखिन्छ । यो स्थानीय तहको लापरबाही हो ।' कन्काई पुल निर्माण नभएसम्म गाउँपालिकाले अस्थायी पुल निर्माण गरिदिनुपर्ने गौरीगन्ज-१ का गणेश राजवंशीले बताए । 'स्थानीय सरकारले कर लिने हैन । नागरिकको सुविधाका लागि आफैं पुल निर्माण गरेर निःशुल्क सञ्चालन गर्नुपर्छ,' उनले भने, 'यसमा चासो देखाउनुको सट्टा स्थानीय तह त कमाउने धन्दामा लागेको देखिन्छ ।'

गौरीगन्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशी भने गाउँपालिकाले तोकेभन्दा बढी शुल्क लिएको विषय आफूहरूको जानकारीमा नरहेको बताइन् । 'हामी जाँदा गाउँपालिकाले तोकैकै दर लिन्छन् । स्थानीयले पनि तोकैकै शुल्क दिएको बताउँछन्,' उनले भनिन् ।

बंगलादेशकी...

पृष्ठ १ बाट क्रमशः

छ । खानलाई मृत्युदण्ड र अल-मामुनलाई पाँच वर्षको जेल सजाय सुनाएको छ । तत्कालिन प्रहरी प्रमुख मामुन अदालतमा हसिनाले दमन गर्न आदेश दिएको विषयमा सरकारी साक्षी बनेका थिए । विद्यार्थी आन्दोलनमा दमन हुनुमा उनीहरू तीनैजना जिम्मेवार रहेको अदालतको ठहर छ । त्यस्तै, अदालतले आन्दोलनका क्रममा मारिएका र घाइते भएका प्रदर्शनकारीलाई क्षतिपूर्ति दिन सरकारलाई आदेश दिएको छ ।

अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणका लागि बंगलादेशका प्रमुख अभियोजक मोहम्मद ताजुल इस्लामले हसिना र खानलाई मृत्युदण्डको सजाय सुनाएर अदालतले देशलाई 'न्याय दिएको' बताए ।

'यो फैसलाले प्रमाणित गर्छ कि कोही पनि कानुनभन्दा माथि छैन, चाहे त्यो जतिसुकै शक्तिशाली किन नहोस्,' उनले भने ।

यो फैसलाले हसिनालाई सुपुर्दगी गर्न भारतलाई दबाब दिने अनुमान गरिएको छ । अदालतको आदेशसँगै देशभर सुरक्षा व्यवस्था कडा पारिएको छ भने केही ठाउँमा विरोध प्रदर्शन भइरहेका छन् ।

फैसलापछि हसिनाले विज्ञप्ती जारी गर्दै अदालतको निर्णयलाई 'पक्षपाती र राजनीतिक रूपमा प्रेरित' भनेकी छिन् । उनी सत्ताच्यूत भएदेखि भारतमा बस्दै आएकी छिन् । आफ्नो अनुपस्थितिमा 'राजनीतिक प्रतिद्वन्द्वीद्वारा नियन्त्रित कंगारु कोर्टमा सुनुवाइ भएको' भन्दै हसिनाले त्यसलाई 'नौटंकी'को संज्ञा दिएकी छिन् । उनले बंगलादेशको अन्तरिम सरकारलाई आफूविरुद्ध हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) मा मुद्दा चलाउन चुनौती दिएकी छिन् ।

२३ जेठ ०८१ मा उच्च अदालतले स्वतन्त्रता सेनानीका सन्तानलाई निजामती सेवामा ३० प्रतिशत आरक्षणको व्यवस्था गर्ने आदेश दिएसँगै बंगलादेशमा विद्यार्थी आन्दोलन सुरु भएको थियो । लगत्तै त्यहाँका प्रमुख विश्वविद्यालयहरूमा आरक्षणको विरोधमा विद्यार्थीले शान्तिपूर्ण प्रदर्शन गरे, तर सरकारले सुनुवाइ गरेन । १७ असारमा विश्वविद्यालयका विद्यार्थीले सडक र रेलमार्ग अवरोध गर्दै आन्दोलन चर्काए । विद्यार्थीको एजेन्डा सम्बोधन गर्नुको सट्टा हसिनाले आन्दोलन गरेर विद्यार्थीले व्यर्थमा समय खेर फालेको आरोप लगाइन् । जसले आन्दोलनमा 'आगोमा घिउ' थपेझैं गऱ्यो । विद्रोहका ६१ दिनमा १४ सयभन्दा बढीको मृत्यु भयो । हसिनाले देशै छोडेर भाग्नुपऱ्यो । अहिले अदालतले मृत्युदण्ड सुनाएको छ ।

ऐतिहासिक फैसला : अन्तरिम सरकार

हसिनालाई मृत्युदण्ड दिने आदालतको आदेशलाई बंगलादेशको अन्तरिम सरकारले 'ऐतिहासिक' भनेको छ । बंगलादेशको कानुन मन्त्रालयका कार्यवाहक प्रमुख प्राध्यापक आसिफ नजरुललले पूर्वप्रधानमन्त्री हसिना र पूर्वगृहमन्त्री असदुज्जमान खानलाई अदालतले सुनाएको मृत्युदण्डको फैसलालाई 'न्यायको सबैभन्दा ठुलो कार्यमध्ये एक' भनेका छन् ।

पत्रकारसँग कुरा गर्दै नजरुलले भने, 'यो ऐतिहासिक दिन हो । सयौंको मृत्यु र हजारौंलाई अपांग बनाउन जिम्मेवार व्यक्तिलाई मृत्युदण्डको सजाय सुनाइएको छ । यो जुलाई विद्रोहको विजय हो ।' बंगलादेशले हसिनालाई सुपुर्दगी गर्न भारतलाई अनुरोध पनि गरेको उनले बताए । 'यदि भारतले सामूहिक हत्याका लागि जिम्मेवार व्यक्तिलाई शरण दिइरह्यो भने बंगलादेश र यहाँका जनताप्रति शत्रुता निम्त्याएको ठहर हुन्छ,' उनले भने ।

फैसलासँगै देशमा अराजकता बढ्न सक्ने भन्दै सरकारले सबैलाई शान्त रहन पनि आह्वान गरेको छ । 'अराजकता वा सार्वजनिक व्यवस्थालाई खलल पार्ने कुनै पनि प्रयासलाई कडाइका साथ दबाइने छ,' नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा गठित सरकारले भनेको छ ।

एजेन्सीको सहयोगमा

स्थानीय सरकार
नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

(प्रकाशित मिति : २०८२/०८/०२)

यस कार्यालयको मिति २०८२/०५/१८ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सुचना अनुसार तपशिलमा उल्लिखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरू मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही छनोट भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ नियम ३१ (ङ) को उपनियम (५) बमोजिम निम्न सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव मिति २०८२/०८/०९ गते बिहान ११ बजे यस कार्यालयमा खोलिने भएकोले सरो कारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं	ठेक्का नं. कामको विवरण	बोलपत्रदाताको नाम
1.	NEE-NCB/01/082/83 Hanumandanda Rammandir Agricultural Road Upgrading Works	1.B.G.S- Golden JV 2.OM Shrestha Construction Pvt.Ltd 3.S.S Construction 4.N.S.N Construction Pvt.Ltd
2.	NEE-NCB/02/082/83 Ghimirejanghar Deurali Aapshowara Batuwa Lorkepahara Road Upgrading Works	1.N.S.N-LEAD J.V 2. Indra/Kanyadevi/Ganeshkunda J.V, 3. S.S Construction
3.	NEE-NCB/03/082/83 Golabhanjyang Chambhanjyang Road Upgrading Works	1.Siddhalekh Nirman Sewa 2.U.N-S.S J.V 3.Indra/Kanyadevi/Ganeshkunda J.V, 4. N.S.N Construction Pvt.Ltd

प्रमुख प्रशासकीय अधिकृत

Invitation for Bids/Quotation

Government of Nepal
Ministry of Physical Infrastructure & Transport
Department of Roads
Federal Road Supervision & Monitoring Office, Pokhara
Road Division Pokhara
Invitation for Bids (IFB) No. IFB-082/83-11
Date of first publication: 2082-08-02 (18th Nov, 2025)

1. Road Division, Pokhara invites electronic bids from eligible domestic bidders for the construction works enlisted below:

S. N.	Contract No.	Name and Location of the Construction Work	Estimated Amount Excl. of VAT and Contingencies (NRs)	Bid Security Amount (NRs)	Validity of Bid Security (Days)	Non Refundable Bid Document Fee (NRs)
1.	RDPKR/ 33701138/ 082/83-49	Road Upgrading Works on Mirdi-Jagatbhanjyang -Chapakot -Gajarkot Road (NH-69)	1,54,07,424	375000	120	3000
2.	RDPKR/ 33701169/ 082/83-50	Road Upgrading Works on Helu Balmata Khilung Jukepani Lamdanda Hudei ArjunChaupari Zero Km Jodne Sadak, Syangja.	17,10,116	45000	75	1000

2. **Purchase, Submission and Opening Date and Account Details:**

Last Date and Time for Bid Purchase and Bid Submission	Date and Time for Bid Opening
Date: B.S. 2082/09/03 (A.D. 2025/12/18) for contract in SN 1 and Date: BS 2082/08/17 , (AD 2025-12-03) for Contract SN 2 Time: Within 12:00	Date: B.S. 2082/09/03 (A.D. 2025/12/18) for contract in SN 1 and Date: BS 2082/08/17 , (AD 2025-12-03) for Contract SN 2 Time: Within 13:00

For Security Guarantee Deposit					For Bid Document Fee Purchase	
Bank	Name of Office	Office code	Account Name	Deposit Accout No.	Revenue Account No.	Revenue Heading No.
Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski	Road Division, Pokhara	337-0139-01	District Treasury Controller Office, Pokhara	3020100102030000	Ka 1-1-111	14229

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (14th Amendment 2082).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp**, as specified in the Bidding data sheet for provision of E-Bidding. Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy shall not be accepted.
5. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this division / PPMO's website.

Division Chief

एसजेवीएन अरूण-३ पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-३ जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed bids through open tender (single stage two envelopes bid system) from the eligible bidders from Nepal/India as per the following details:

Contract No.	Description of Work	Publishing date on website	Last date for Submission/ Opening of bid Proposals
PCD-274/2025	Supply, Installation, Monitoring, Data Analysis and Routine Maintenance of Geo-technical instruments of the outfall slope of Arun-3 HEP, including monitoring and analysis of already installed geotechnical instruments in PH complex, BVC and Surge Shaft.	17.11.2025	**Submission:** Upto 08.12.2025 upto 1300 Hrs. at SAPDC Office, Tumlingtar or Co-ordination & Liaison Office at Kathmandu **Opening:** on 09.12.2025 at 1600 Hrs. at SAPDC office, Tumlingtar

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at Tumlingtar, Distt. Sankhuwasabha, Nepal or Co-ordination & Liaison Office at New Baneshwor, Kathmandu, Nepal. The Tender Documents can be downloaded from websites: **https://sjvn.nic.in & https://www.sapdc.com.np.**

Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
SAPDC, Satluj Bhawan, Arun Sadan,
Tumlingtar, Distt. Sankhuwasabha, Nepal.
Tel.: +977-29-575154
E-mail: pnc.sapdc@sjvn.nic.in

प्रतिनिधिसभा निर्वाचनमा भाग लिन पहिलो दिनमै १२ दल दर्ताको निवेदन

● **यज्ञ भट्टराई**, प्रमुख, कानुन तथा राजनीतिक महाशाखा, निर्वाचन आयोग



प्रतिनिधिसभातर्फ निर्वाचन प्रयोजनका लागि १० मंसिरसम्म निवेदन लिने, ११ देखि १८ गतेसम्म छानबिन गर्ने र २० गते दर्ता स्वीकृत गरेर निर्वाचन प्रयोजनाका दर्ता भएका दलहरूको नामावली प्रकाशन गर्ने आयोगको कार्यतालिका छ।

कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचन आयोगले २१ फागुनमा हुने निर्वाचनका लागि सोमबारदेखि दल दर्ताको प्रक्रिया प्रारम्भ गरेको छ। पहिलो दिन १२ दलले निर्वाचनमा भाग लिन निवेदन दिएका छन्। जसमा ०७९ को प्रतिनिधिसभाको तेस्रो दल माओवादी (हाल नेकपा), चौथो दल रास्वपा, एक सिट भएको नेमकिपा र आजपासमेत छन्। १० मंसिरसम्म दल दर्ताको समय तोकिएको छ।

आयोगको कानुन तथा राजनीतिक महाशाखाका अनुसार सन्ध्या खनालको देश विकास पार्टी, दुर्गा सोबको प्रगतिशील लोकतान्त्रिक पार्टी, द्रोण अधिकारीको देशभक्त समाज, गीता क्षेत्रीको नेपाल लोकतान्त्रिक पार्टीले निर्वाचनमा भाग लिन निवेदन दिएको छ। यसैगरी, नारायणमान बिजुक्छे नेपाल मजदुर किसान पार्टी, रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टी, प्रभु साहको आमजनता पार्टी, बहुलाल मेचेको मंगोल नेसनल अर्गनाइजेसन, विश्वेन्द्र पासवानको बहुजन शक्ति पार्टी, अनिलकुमार झाको नेपाल सद्भावना पार्टी, पुष्पकमल दाहाल प्रचण्डको नेपाली कम्युनिस्ट पार्टी, मेघबहादुर कार्कीको नेपाल मानवतावादी पार्टीले पनि निवेदन दिएका छन्।

महाशाखा प्रमुख सहसचिव यज्ञ भट्टराईले प्रतिनिधिसभातर्फ निर्वाचन प्रयोजनका लागि १० मंसिरसम्म निवेदन लिने, ११ देखि १८ गतेसम्म छानबिन गर्ने र २० गते दर्ता स्वीकृत गरेर निर्वाचन प्रयोजनाका दर्ता भएका दलहरूको नामावली प्रकाशन गर्ने कार्यतालिका रहेको बताए। यसैगरी, राष्ट्रिय सभा निर्वाचनका लागि नेमकिपा, बहुजन शक्ति पार्टी, नेपाली कम्युनिस्ट पार्टीले दल दर्ता गराएका छन्। १० मंसिरसम्म दल दर्ताको समय तोकिएको राष्ट्रिय सभा निर्वाचनका लागिका लागि दल दर्ताको स्वीकृत र निर्वाचन चिह्न १४ गते प्रदान गरिने सहसचिव भट्टराईले बताए।

निर्वाचन आयोगले सोमबार रियाज अहमद शेषको राष्ट्रिय जनमत पार्टी दर्ता गरेको छ। यसबाट निर्वाचन घोषणापछि सात दल थपिएका छन्। दलको संख्या एक सय २४ पुगेको छ। जेन-जी आन्दोलनमा गोली लागेर खुट्टा गुमाएका घाइते राजेश प्रतेल नेतृत्वको पार्टीले सोमबार दल दर्ताको प्रमाणपत्र पाएको छ। निर्वाचन घोषणापछि नयाँ दल दर्ताका लागि प्राप्त निवेदनमध्ये ३१ वटा दर्ताको प्रक्रियामा छन्। निर्वाचनअघि प्राप्त नौवटा निवेदन पनि विचाराधीन छ। निवेदनहरूमा सनाखत गर्ने काम भइरहेको छ।

■ ५१ दिनमा पाँच लाख मतदाता थपिए

आयोगको नियमित प्रक्रियाबाट तीन लाख र राष्ट्रिय परिचयपत्रको बायोमेट्रिकबाट दुई लाख थपिए



राष्ट्रिय परिचयपत्रका लागि दिएको व्यक्तिगत र जैविक विवरण (बायोमेट्रिक)मार्फत २७ कात्तिकदेखि सुरु गरिएको मतदाता नामावली दर्ता प्रणालीअन्तर्गत चार दिनमा दुई लाखभन्दा बढी मतदाता थपिएका छन्। जबकि ९ असोजबाट मतदाता नामावली सुरु गरेको निर्वाचन आयोगको प्रणालीअन्तर्गत ३० कात्तिकसम्मको ५१ दिनमा तीन लाख मतदाता थपिएका थिए। आयोगका प्रवक्ता नारायण भट्टराईका अनुसार एनआइडीको विवरणका आधारमा २७-३० कात्तिक राति ९ बजेसम्म दुई लाख २५ हजार ५७५ मतदाता थपिएका छन्। जसमा पुरुष एक लाख ३६ हजार ३२९, महिला ८९ हजार २३८ र आठजना अन्य छन्। १ मंसिर अर्थात् सोमबारको विवरण प्राप्त भएको छैन। यसैगरी, आयोगको नियमित प्रणालीअन्तर्गत ९ असोजदेखि ३० कात्तिकसम्म तीन लाख दुई हजार ६२ मतदाता थपिएका छन्। पुरुष एक लाख ७१ हजार ३७२, महिला एक लाख ३० हजार ६४९, अन्य ४१ छन्। दुवै संख्या जोड्दा ३० कात्तिकसम्म पाँच लाख २७ हजार ६३७ मतदाता थपिएका छन्। आयोगले सुरुमा ३० कात्तिकसम्म मतदाता नामावली संकलन खुला गरेको थियो। तर, मतदाता नामावलीमा प्रक्रियागत झन्झट, सर्भरको समस्या, युवाहरूको भिडलगायत पक्षलाई मध्यनजर गर्दै सरकारको समेत चासोमा आयोगले ५ मंसिरसम्म समय बढाएको छ। साथै, सरकारको पहलमा राष्ट्रिय पञ्जीकरण विभागले राष्ट्रिय परिचयपत्र वितरणका लागि संकलन गरेको जैविक तथ्यांक निर्वाचन आयोगलाई उपलब्ध गराएपछि मतदाता नामावली नाम दर्ता गराउनेको संख्या बढेको हो।

■ कसरी गर्ने नाम दर्ता ?

आयोगका प्रवक्ता भट्टराईकाअनुसार अबदेखि मतदाता नामावलीमा नाम दर्ता गराउन चाहने सेवाग्राहीले निर्वाचन आयोगको वेबसाइटमा रहेको जततउस्ररबउठिखच। भभिअतष्यलानयख।लउ मा प्रवेश गरी राष्ट्रिय परिचयपत्र नम्बर भएका सेवाग्राहीले राष्ट्रिय परिचयपत्र नम्बर र आफ्नो जन्ममिति प्रविष्ट गरेर राष्ट्रिय परिचयपत्र प्रणालीसम्म पहुँच पुऱ्याई आफ्नो व्यक्तिगत र जैविक विवरण प्राप्त गर्न सक्नेछन्। राष्ट्रिय परिचयपत्र नम्बर नभएका सेवाग्राहीहरूले आफ्नो मोबाइल नम्बर प्रविष्टि गरी माग भएका विवरण भर्न सक्ने भट्टराईले बताए। उनका अनुसार राष्ट्रिय परिचयपत्र नम्बर भएका सेवाग्राहीले जैविक विवरण (फोटो र औँठाछाप दिन) निर्वाचन कार्यालयमा जानु नपर्ने हुँदा घरबाटै सेवा लिन सक्ने सुविधा थप भएको छ भने राष्ट्रिय परिचयपत्र नम्बर नभएका सेवाग्राहीले अनलाइन आवेदन गरी तोकिएको मितिमा निर्वाचन कार्यालयमा गएर जैविक विवरण (फोटो र औँठाछाप) दिई सेवा लिन सक्ने सुविधा यथावत् रूपमा उपलब्ध हुनेछ।

■ तीन महिना २१ दिनपछि सत्ता हस्तान्तरण गर्छु : प्रधानमन्त्री



प्रधानमन्त्री सुशीला कार्कीले अबको तीन महिना २१ दिनमा चुनाव गराएर निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने बताएकी छिन्। नागरिक समाजका १७ जना प्रबुद्ध व्यक्तिहरूसँग सोमबार प्रधानमन्त्री कार्यालयमा डेढ घण्टाको छलफलमा उनले प्रहरीको मनोबल उकास्न प्रयत्नरत गरिरहेको पनि बताइन्। उनले चुनाव समयमा सम्पन्न गर्न दलहरूसँग निरन्तर संवादमा रहेको भन्दै खबरदारीका लागि नागरिकहरूलाई आह्वानसमेत गरेकी छिन्।

'२१ फागुनको निर्वाचन केवल वर्तमान सरकारको राजनीतिक निर्णय वा इच्छा होइन। यो संवैधानिक रिक्तता टार्नका लागि अपरिहार्य राष्ट्रिय दायित्व हो। केही पक्षले अन्योल सिर्जना गरेका छन्, तर चिर्छौं। चुनाव हुन्छ। तपाईंहरू खबरदारी गर्नुहोस्,' प्रधानमन्त्रीको सचिवालयले प्रेषित गरेको नोटमा उल्लेख छ। उनले निर्वाचनको विश्वसनीयताका लागि दलहरूलाई १० मंसिरभित्र निर्वाचन आयोगमा अनिवार्य दर्ता गराउनु सर्त रहेको पनि बताइन्। यो समयसीमा निर्वाचन सुनिश्चितताको प्रमुख सूचक रहेको पनि उनको भनाइ थियो। 'म दलहरूसँग संवादमा छु। चुनावपछि मलाई एकछिन पनि सरकारमा बस्नु छैन। चुनाव सकिएपछि सरकार हस्तान्तरण गरेर फेरि नागरिक समाजमा फर्किन्छु। सर्वोच्चबाट निस्केपछि जनताको बिचमा थिएँ, जनताको मुद्दा उठाएँ। अब पनि सरकार हस्तान्तरण गरेर तपाईंहरूसँगै फर्किन्छु,' उनले भनिन्।

प्रधानमन्त्रीसँग छलफलका लागि नागरिक अगुवा केदारभक्त माथेमा, डा. इन्द्र अधिकारी, गेजा शर्मा वाग्ले, सुबोधराज प्याकुरेल, जेबी विश्वकर्मा, स्टेला तामाङ, विद्याधर मल्लिक, विजयकान्त कर्ण, दोभान राई, नयनतारा गुरुङ, निर्गा नवीन, विजय तिमिल्सिना, खगेन्द्र संग्रौला, तुलानारायण साह, रेवत कार्की, शिशिर उप्रेती, राजुप्रसाद चापागाईं सहभागी थिए।

■ निर्वाचनमा बालबालिका प्रयोग गर्न नदिन आयोगलाई ध्यानाकर्षण

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियानले २१ फागुनको निर्वाचनमा विद्यालय र बालबालिकालाई प्रयोग गर्न नदिन निर्वाचन आयोगको ध्यानाकर्षण गराएको छ। विद्यालय र बालबालिका शान्ति क्षेत्र भन्दै अभियानका अध्यक्ष तिलोत्तम पौडेलको नेतृत्वमा पदाधिकारीले सोमबार कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीलाई भेटेर ध्यानाकर्षण गराएका हुन्। अभियानले बालबालिकासम्बन्धी ऐन, निर्वाचन आचारसंहिता, राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई समेत आधार मानी कुनै पनि दलले १८ वर्षमुनिका बालबालिकालाई निर्वाचनका कुनै पनि गतिविधिहरूमा सहभागी नगराउने व्यवस्थाको कार्यान्वयनका लागि प्रभावकारी अनुगमन गर्न आयोगलाई अनुरोध गरेको छ। कावा प्रमुख आयुक्त भण्डारीले निर्वाचनको आचारसंहिताभित्र रहेर बालबालिकाको प्रयोग हुन नदिनेतर्फ आयोग सचेत रहेको बताए। कुनै पनि दलले विद्यालय र बालबालिकालाई प्रयोग गर्न नहुने बताउँदै उनले नागरिक संघसंस्थाहरूबाट निर्वाचनलाई सफल पार्न योगदानको अपेक्षा रहेको सुनाए।

पदाधिकारीसँग 'वन टु वन' र सामूहिक छलफलमा देउवा



इतर पक्षलाई समेत विश्वासमा लिएर महाधिवेशनको मितिमा मध्यमार्गी प्रस्ताव अघि बढाउन कार्यवाहक सभापति खड्कालाई निर्देशन

प्रेम गौतम/नयाँ पत्रिका

महाधिवेशनको विषयलाई काङ्ग्रेस सभापति शेरबहादुर देउवाले 'मध्यमार्गी' बाटोबाट निकास निकाल्ने प्रयास थालेका छन्। केन्द्रीय कार्यसमिति बैठक स्थगित गरेर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्काले अनौपचारिक छलफललाई सघन बनाएका छन्। तर, नेताहरू अडानमा टसमस भएका छैनन्।

महाधिवेशन निर्वाचन अघि कि पछि भन्ने अडान संस्थापन र इतर पक्षले नछाडेका वेला देउवाले सहमतिको प्रयास थालेका हुन्। इतर पक्षलाई समेत विश्वासमा लिएर सहमतिमा पुग्ने प्रयासमा देउवा रहेको उनीनिकट एक नेताले बताए। सिंगापुरबाट फर्केपछि देउवाले पदाधिकारीसँग 'वन टु वन' र सामूहिक छलफल गरेका छन्। ती नेताका अनुसार देउवाले सोमबार आफूनिकट कार्यसम्पादन समितिका सदस्यहरूसँग छलफल गरेका छन्।

■ देउवा पक्षकै नेता निर्वाचनअघि महाधिवेशनको पक्षमा

संस्थापन पक्षकै २४ केन्द्रीय सदस्य निर्वाचनअघि नै महाधिवेशन गर्नुपर्ने लबिइङमा छन्। उनीहरूले निर्वाचनअघि महाधिवेशन गर्न माग गर्दै केन्द्रीय कार्यालयमा सातबुँदे मागसहित हस्ताक्षर बुझाएर नेताहरूको ध्यानाकर्षण गराएका छन्। पूर्वउपसभापति विजयकुमार गच्छदार र पूर्वमहामन्त्री शशांक कोइरालाले पनि उनीहरूको मागलाई समर्थन गरेको नेताहरूले दाबी गरेका छन्। मीन विश्वकर्मा र श्यामकुमार घिमिरेले पनि ऐक्यबद्धता जनाएको नेताहरूले बताएका छन्। सातबुँदे पक्षका नेता उदयशमशेर राणाले मध्यमार्गी बाटोबाट पार्टीलाई एकताबद्ध बनाउनुपर्ने बताए।

नेताहरूसँग नियमित छलफलमा रहेका देउवाले इतर पक्षलाई समेत विश्वासमा लिएर मध्यमार्गी प्रस्ताव अघि बढाउन कार्यवाहक सभापति खड्कालाई निर्देशन दिएका छन्। 'सबैसँग समन्वय गरेर पार्टीलाई एकताबद्ध गरेर जानुपर्छ। अहिले वादविवाद गरेर बस्ने वेला होइन। सबैलाई विश्वासमा लिएर मध्यमार्गी प्रस्ताव अघि बढाउनुस्,' देउवाको भनाइ उद्धृत गर्दै छलफलमा सहभागी एक नेताले भने। केन्द्रीय कार्यसमिति बैठकबाटै निकास निकाल्ने ती सदस्यले दाबी गरे। तर, मध्यमार्गी प्रस्ताव के भन्ने पनि टुंगो लागिसकेको छैन। अझै छलफल गरेर मध्यमार्गी प्रस्ताव तयार पार्ने र त्यसैमा सहमति गरेर केन्द्रीय कार्यसमितिबाट निर्णयमा पुग्नुपर्नेमा देउवाको जोड छ।

महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशन घोषणाको माग गर्दै दबाबमूलक कार्यक्रम गर्ने भएका छन्। कार्यवाहक सभापति खड्कालाई ध्यानाकर्षण पत्र बुझाएर केन्द्रीय कार्यालय घेराउ गर्नेलगायतको तयारी छ। विशेष महाधिवेशन पक्षधरले अनामगनरमा सोमबार छलफल गरेर दबाबमूलक कार्यक्रम गर्ने निर्णय गरेका हुन्। 'हामी आजबाट नियमित महाधिवेशनको कुरा गर्दैनौं। त्यसको च्याप्टर क्लोज भयो। विशेष महाधिवेशन एक मात्र विकल्प हो,' नेता गुरुराज घिमिरेले भने, 'कार्यवाहक सभापतिलाई ध्यानाकर्षण गराउँछौं, पर्सि समय चाहियो भनेका छौं। बैठक बस्ने दिन कार्यालय घेराउ गर्छौं।'

लुम्बिनीका सभामुखले हटाए उपसचिवसहित पाँचजनाको सचिवालय

बुटवल/ लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले स्वकीय सचिवालय विघटन गरेका छन्। १ मंसिरबाट लागू हुने गरी पाँचजनाको सचिवालय विघटन गरेका हुन्। प्रदेशमाथि चौतर्फी प्रश्न उठिरहेका वेला मितव्ययिता कायम गर्न सचिवालय विघटन गरेको उनले बताए। सभामुखको सचिवालयमा उपसचिव, अधिकृत, नासु, कार्यालय सहयोगी र चालक एक गरी पाँचजना थिए। अन्य प्रदेशका तुलनामा लुम्बिनीमा मितव्ययिता कायम भएको र देशको विशिष्ट परिस्थितिलाई मध्यनजर गर्दै अर्को निर्णय नहुँदासम्म सचिवालय हटाएको मगरले बताए। उनले प्रदेशको स्वायत्ततामाथि हनन गरेकोमा आफ्नो असहमति रहेको जनाएका छन्।



● तुलाराम घर्तीमगर सभामुख लुम्बिनी

संविधानको धारा १८७ र धारा १९६ निष्प्रभावी हुने गरी संघीय सरकारबाट प्रदेशहरूको हकमा भएका निर्णय र निर्देशन संघीय शासनप्रणालीविरुद्ध भएको उनले बताए। प्रदेश सरकारले पनि यसैलाई शिरोधार्य गर्दै कार्यान्वयन गर्नु गराउनु भनी थप बल पुग्ने गरी प्रदेश सभा सचिवालयलाई परिपत्र गरेकोमा उनले असन्तुष्ट व्यक्त गरे। 'व्यवस्थापिकाको स्वायत्ततामाथि गम्भीर असर पुग्ने व्यवहार गरेको दुःखद परिस्थितिमा न्यूनतम नैतिकता कायम राख्नुपर्ने आफ्नो पदीय गरिमा र दायित्वलाई मध्यनजर गर्दै प्रदेश कानुनबमोजिम प्राप्त सभामुखको सेवा-सुविधा (स्वकीय सचिवालय) अर्को निर्णय नहुँदासम्म हाललाई हटाइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँछु,' उनले भनेका छन्। लुम्बिनी प्रदेशमा संघीय सरकारले मितव्ययिता सम्बन्धमा खर्च कटौतीका लागि पठाएको पत्र मुख्यमन्त्री कार्यालयले कार्यान्वयन गर्नु गराउनु भनी प्रदेश सभा सचिवालयलाई पठाएको थियो। यसले प्रदेशको अधिकारमा हस्तक्षेप भएको सभामुख घर्ती मगरको टिप्पणी छ।

पोखरामा खुल्यो पशु क्वारेन्टिन कार्यालय

कास्की/ पोखरामा पशु क्वारेन्टिन कार्यालय स्थापना गरिएको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र मुस्ताङ जिल्लास्थित कोरला नाकामा दुई स्थायी चेकपोस्ट रहने भएका छन्। गत ८ साउनमा नेपाल राजपत्रमा प्रकाशित भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सूचनाअनुसार नेपाल सरकारले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कृषि मन्त्रालयअन्तर्गतको पशु सेवा विभागले क्वारेन्टिन कार्यालय सञ्चालनमा ल्याएको हो। पोखरा लामपाटनमा स्थापना गरिएको क्वारेन्टिन कार्यालयको मन्त्रालयका सहसचिव डा. पशुपति ढुंगाना एवं पशु सेवा विभागका महानिर्देशक डा. रामनन्दन तिवारीले संयुक्त रूपमा उद्घाटन गरेका थिए।

कार्यालय प्रमुख डा. किरण पाण्डेका अनुसार कोरला नाकाबाट आयात निर्यात निरन्तर रूपमा बढिरहेको तथा अन्तर्राष्ट्रिय विमानस्थल छिट्टै पूर्ण रूपमा सञ्चालन हुन गइरहेको परिवेशमा गण्डकी प्रदेशमा पशुपन्छी, पशुपन्छीजन्य उत्पादन, पशुपन्छी उत्पादन सामग्रीमार्फत रोग भित्रिन नदिन, रोगको सम्भावित संक्रमणलाई कम गर्न तथा रोगको प्रभावकारी नियमन गर्न कार्यालय स्थापना गरिएको हो। कार्यालय स्थापनापछि पशुपन्छीजन्य उत्पादनको राष्ट्रिय-अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्न सहयोग पुग्ने पाण्डेले बताए।



■ उमागौरी कृषि सहकारी ठगी प्रकरण

ऋषिकेशपत्नी अञ्जलाले अदालतमा बुझाइन् धरौटीबापतको एक करोड

विराटनगरमा **गणेश लम्साल**

विघटित प्रतिनिधिसभा सार्वजनिक लेखा समितिका पूर्वसभापति ऋषिकेश पोखरेलपत्नी अञ्जला कोइरालाले अदालतमा धरौटीबापतको एक करोड बुझाएकी छन्। मोरङको धनपालथान- ४ स्थित उमागौरी कृषि सहकारी ठगी कसुरमा जिल्ला अदालत मोरङको फैसलालाई उल्टाउँदै उच्च अदालत विराटनगरले कोइरालासहित चारजनालाई जनही एक करोड धरौटी बुझाउन आदेश दिएको थियो। सोहीअनुसार उनले प्रभु बैंकमार्फत २३ कात्तिकमा एक करोड धरौटी रकम जिल्ला अदालत मोरङमा बुझाएकी हुन्।

कोइरालासँगै ज्योति बाँस्कोटा, रोशन राजवंशी र सन्तलाल खवासलाई पनि जनही एक करोड रुपैयाँ धरौटी बुझाउन अदालतले आदेश सुनाएको थियो। तर, उनीहरूले अझै अदालतले तोकेको धरौटी नबुझाएकाले फरार सूचीमा परेको मोरङ अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले बताए।

जिल्ला अदालतले २४ पुस ०८१ मा १० लाख धरौटीमा छाड्न गरेको आदेशलाई उल्टाउँदै उच्च अदालत विराटनगरले ५ भदौमा ०८२ मा कोइरालासहित राजवंशी, खवास र बाँस्कोटासँग थप एक करोड रुपैयाँ माग गरेको थियो। जेन-जी आन्दोलन हुनुअगाडिसम्म अञ्जलासहित चारैजना कसैले पनि अदालतमा धरौटी



● अञ्जला कोइराला

बुझाएका थिएनन्। उनीहरूको मुद्दाको पेसी ५ असोजमा थियो। ५ असोजभित्र उच्चले कायम गरेको एक करोड धरौटी नबुझाए कोइरालासहित चारैजना अदालतको फरार सूचीमा पर्ने थिए। भदौमा जेनजी आन्दोलनमा मोरङ अदालत आगजनीले ध्वस्त भएपछि उनीहरूको मुद्दाको सुनुवाइ हुन पाएको थिएन।

मोरङको धनपालथान गाउँपालिकामा सञ्चालित उमागौरी सहकारी संस्थाका आठ हजार ८४२ सेयर सदस्यको कुल २२ करोड ४८ लाख २७ हजार रुपैयाँ अपचलन गरिएको आरोपमा २७ मंसिर ०८१ मा कोइरालासहित २६ जनाविरुद्ध जिल्ला अदालत मोरङमा सहकारी ठगी कसुरमा मुद्दा दायर गरिएको थियो। मुद्दामा जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले २४ पुस ०८१ मा कोइरालालाई १० लाख, ज्योति बाँस्कोटालाई पाँच लाख, सुमन लोहनीलाई दुई लाख र मनोजकुमार सोनीलाई एक लाख धरौटीमा छाडेको थियो। सहकारीका अध्यक्ष शम्भुप्रसाद रौनियार र पूर्ववडाध्यक्ष रोशन राजवंशीलाई मोरङ अदालतले पुर्पक्षका लागि थुनामा पठाएको थियो। सरकारी वकिलको कार्यालय मोरङले जिल्लाबाट धरौटीमा छाडिएका अभियुक्तविरुद्ध थुनामा राखेर पुर्पक्ष गर्न माग गर्दै उच्चमा मुद्दा पुनरावेदन गरेको थियो।

सोही मुद्दामा उच्च अदालतमा ११ वैशाख ०८२ मा न्यायाधीशद्वय श्रीधराकुमारी पुडासैनी र केशवप्रसाद बास्तोलाको संयुक्त इजलासमा प्रतिवादीहरूलाई धरौटी माग्ने रकममा राय बाझिएपछि सहकारी कसुरको मुद्दा तेस्रो न्यायाधीशकोमा पेसी चढेको थियो। अनुकूलको इजलास खोज्ने क्रममा उच्चमा कोइरालासमेतको मुद्दा तीन महिनाको छोटो अवधिमा १३ पटक पेसी स्थगित भएको थियो। एकपटक 'हेर्न नमिल्ने' सूचीमा परेको थियो।

गत ५ भदौमा न्यायाधीश विष्णुप्रसाद अर्यालको एकल इजलासले कोइरालासहित चारजनासँग एक-एक करोड धरौटी माग गर्नुपर्ने आदेश गरेको थियो। प्रतिवादी सहकारीका अध्यक्ष श्याम रौनियारको हकमा भने जेलमै बसेर पुर्पक्ष गर्नुपर्ने जिल्लाको आदेशलाई सदर गरेको थियो।

सत्ताको होइन, सुशासनको राजनीति

दशकौँ लामो संघर्षपछि प्राप्त व्यवस्थाले जनताका आकांक्षाअनुसार स्थायित्व र सुशासन दिन नसक्नु चिन्ताको विषय हो



● ललितकुमार यादव

अग्रलेख

नेपालको लोकतान्त्रिक यात्राको इतिहास जनताको बलिदान, दलहरूको आन्दोलन र सर्वभौम सत्तामा आधारित गौरवशाली तर चुनौतीपूर्ण अध्याय हो। २०४६ को जनआन्दोलनले प्रजातन्त्रको ढोका खोल्यो। ०६२/६३ को जनआन्दोलनले राजतन्त्र अन्त्य गर्दै गणतन्त्रको मार्गप्रशस्त गऱ्यो। ०६५ मा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो। संविधानसभाबाट ०७२ मा नयाँ संविधान जारी भयो। संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रको संरचनालाई संस्थागत गऱ्यो।

यिनै ऐतिहासिक परिवर्तनले जनतालाई सार्वभौम सत्ताको सुनिश्चितता प्रदान गरेको छ। प्रत्येक नागरिकलाई राज्यसत्तामा सहभागिताको अवसर प्राप्त छ। तर, तीन दशक लामो संघर्षपछि प्राप्त व्यवस्थाले जनताको आकांक्षाअनुसार स्थायित्व र सुशासन दिन नसकेको यथार्थ आज सबैसामु स्पष्ट छ। लोकतन्त्र सुदृढीकरणका लागि निर्वाचन नै प्रमुख माध्यम हो। निर्वाचनकै माध्यमबाट जनताको मत वैध सरकारमा रुपान्तरित हुन्छ। सत्ता र शासकलाई नियन्त्रणमा राखेर शासनलाई जवाफदेही र उत्तरदायी बनाउँछ। आगामी २१ फागुनका लागि तोकिएको निर्वाचनलाई राष्ट्रिय पुनर्निर्माणको एउटा ऐतिहासिक अवसरका रूपमा सबैले सदुपयोग गर्न जरुरी छ।

लोकतन्त्र स्थापनाको डेढ दशक बितिसक्दा पनि नेपालको शासन प्रणाली अझै स्थिर बन्न सकेको छैन। बारम्बारको सरकार परिवर्तन, दलहरूको आन्तरिक तथा दलगत कलह र अस्थिर सत्ता गठबन्धनले नीति निर्माण र कार्यान्वयनमा अवरोध पुऱ्याउँदै आएको छ। हालसम्ममा एक दर्जनभन्दा बढी सरकार परिवर्तन हुनु अस्थिरताको ज्वलन्त उदाहरण हो। सरकार गठन र विघटन सधैँ दलगत स्वार्थ र सत्तालिप्साको वरिपरि घुमिरहेको छ। गठबन्धन राजनीतिले स्थायित्वभन्दा पनि आपसी स्वार्थ र भागबन्डाको खेललाई प्राथमिकतामा राख्दै आएको छ।


जनताको मतले भन्दा सांसद किनबेच र गुटगत सम्झौताले प्रतिपक्ष र सत्तापक्षको निर्धारण गर्ने प्रवृत्ति बढ्दो छ। नेपालको संविधानले संसदीय शासन प्रणाली अंगीकार गरेको छ। दलहरूबिच राजनीतिक संस्कारको अभाव र मर्यादा नमान्ने चरित्र हाबी छ। फलस्वरूप नेपालमा यो प्रणाली प्रभावकारी हुन सकेको छैन। संसद् विश्वास र अविश्वासको मतको खेलमै सीमित छ भने सरकारको ध्यान पद सुरक्षित गर्नमै केन्द्रित छ। निरन्तरको सरकार परिवर्तनले दीर्घकालीन विकास, लगानी र सुशासनमा गम्भीर असर पारेको छ। दल र तिनका नेताले जनताका अपेक्षाअनुसार काम गर्न सकेका छैनन्। तिनको प्राथमिकतामा पद, शक्ति र प्रतिष्ठामा मात्र परेको छ। यिनै कारण राष्ट्रिय हित कमजोर बन्दै गएको छ।

राजनीतिक अस्थिरतालाई गम्भीर बनाउने अर्को कारण हो, भ्रष्टाचार र दण्डहीनता। निर्णयमा पारदर्शिताको अभाव, कानुनी प्रक्रियामा ढिलासुस्ती र संस्थागत कमजोरीले भ्रष्टाचारलाई प्रश्रय दिएको छ। नीतिगत भ्रष्टाचारले सुशासनमा ठुलो चुनौती खडा गरेको छ। ठुला ठेक्का, नीतिगत निर्णय, कर माफी वा योजना चयनजस्ता क्षेत्रमा नीतिगत भ्रष्टाचार संस्थागत बन्दै गएको छ। अख्तियार र अन्य नियामक निकाय राजनीतिक प्रभावबाट मुक्त हुन नसक्दा जनविश्वास घट्दै गएको छ। लोकतन्त्र बलियो बनाउन राजनीतिक दलमा आन्तरिक सुधार अपरिहार्य छ। दलहरूमा पारदर्शी र नीतिकेन्द्रित संस्कारको विकास जरुरी छ। नेतृत्व चयनमा गुटगत स्वार्थभन्दा नीतिगत विचार हाबी हुन आवश्यक छ।

संघीयता कार्यान्वयन चुनौतीपूर्ण बन्दै गएको छ। संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासनको परिकल्पना गरेको छ। तर, अधिकार र स्रोतको बाँडफाँड न्यायोचित छैन। केन्द्रको प्रभुत्व अझै कायम छ। प्रदेश सरकारले आफ्ना ऐन, नियम तथा कानुन निर्माण गर्न नसक्नु, कर्मचारी समायोजनमा ढिलाइ हुनु र आर्थिक स्रोतमा निर्भरता बढ्नु संघीयता प्रभावकारी हुन नसक्नुका प्रमुख कारण हुन्। यसले संघीयता महँगो भएको, करको बोझ थोपरेको र अप्रभावी रहेकोजस्ता जनगुनासा बढाएको छ।

संघीयता विविधताको सम्मान र स्थानीय प्रतिनिधित्वको माध्यम हो भनेर जनतालाई बुझाउनै सकिएको छैन। संघीयताको सार्थकता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय तहबिच सशक्त समन्वय र सहकार्यको आवश्यकता छ। संघीयता केवल पद बाँडफाँडको संरचना होइन। यो त स्थानीयस्तरमा विकास, पहिचान र जवाफदेहिताको माध्यम हो। त्यसैले, केन्द्रले प्रदेश र स्थानीय तहलाई भागीदार होइन, साझेदार शक्तिका रूपमा स्विकार्न अत्यावश्यक छ।

सामाजिक समावेशिता संविधान कार्यान्वयनको महत्त्वपूर्ण पक्ष हो। संविधानले समावेशी प्रतिनिधित्वको सुनिश्चितता गरेको छ, तर व्यवहारमा जातिगत, समुदायगत र क्षेत्रगत असमानता अझै टड्कारो छ। जनताको आवाजलाई संसद् र सरकारले सुन्ने छाडेको छ। जनताको अधिकार धनी वर्गको हातमा सीमित हुन पुगेको छ। निर्वाचन प्रणाली अति खर्चिलो छ। निर्वाचनमा हुने अस्वस्थ प्रतिस्पर्धा, टिकट वितरणमा हुने गरेको धाँधली र समानुपातिकतर्फ अनुचित मनोनयनले जनताको उचित प्रतिनिधित्व हुने सकेको छैन। चुनाव प्रणालीमा सुधार आजको मात्र होइन, हिजैदेखिको महत्त्वपूर्ण माग हो। जनताको वास्तविक मत र आवाजको प्रतिनिधित्व हुने गरी निर्वाचन प्रणालीमा सुधार गर्नु राज्यको दायित्व हो।



> देशले स्थिर, पारदर्शी र जवाफदेही शासन खोजेको छ। त्यसका लागि राजनीतिक संस्कारमा सुधार पहिलो आवश्यकता हो। दलहरूमा आन्तरिक स्वच्छता र पारदर्शिता भएमा त्यस्तो शासन व्यवस्था सम्भव छ।

नेपालले स्थिर, पारदर्शी र जवाफदेही शासन खोजेको छ। त्यसका लागि राजनीतिक संस्कारमा सुधार पहिलो आवश्यक ता हो। दलहरूमा आन्तरिक स्वच्छता र पारदर्शिता सुनिश्चित हुनुपर्छ। सहकार्यको संस्कृति विकास गर्नुपर्छ। संसदीय मर्यादाअनुसार सरकारलाई नीतिगत रूपमा समर्थन गर्ने र हस्तक्षेप नगर्ने परम्परा बसाल्नुपर्छ। सरकार सत्तापक्षको, सदन प्रतिपक्षको भन्ने भनाइलाई व्यवहारमै लागू गर्नुपर्छ।

प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीबारे आवाज उठेको छ। संसद्मा निर्भर सरकारभन्दा प्रत्यक्ष निर्वाचित कार्यकारी सरकारले स्थिरता दिने भनिएको छ। तर, शक्ति सन्तुलनका संवैधानिक प्रावधान कमजोर हुँदा, निरंकुशतन्त्र जन्मिने खतरा रहन्छ। शक्ति केन्द्रीकरण हुन सक्ने प्रणाली सत्ता र शक्तिका अति भोका नेपालीका लागि उपयुक्त हुँदैन कि भनेर गहन विमर्श जरुरी छ। फेरि आसन्न निर्वाचन नै प्रत्यक्ष निर्वाचित कार्यकारीका लागि हुने सम्भावना छैन। अहिलेका लागि यो माग त्यति उपयुक्त र युक्तिसंगत पनि होइन। यो केवल निर्वाचनलाई अन्योलतिर धकेल्ने प्रयास सिद्ध हुन सक्छ। अहिले मुलुकलाई चाहिएको निर्वाचन हो। निर्वाचन प्रणालीमा जनचाहनाअनुसारको सुधार हो।

सुशासनका लागि कानुनी प्रणालीलाई सशक्त बनाउनुपर्छ। न्यायपालिकालाई पूर्ण रूपमा राजनीतिक प्रभावमुक्त राख्नुपर्छ। न्यायाधीशहरूको नियुक्ति राजनीतिक प्रभावमा होइन, योग्यता र पारदर्शितामा आधारित हुनुपर्छ। भ्रष्टाचार नियन्त्रणका निकायलाई स्वतन्त्र र प्रभावकारी बनाउनुपर्छ। उच्च तहका निर्णयमा समेत अनुसन्धान चाहिएको छ। दण्डहीनताको संस्कृतिले सामान्य नागरिकदेखि उच्चपदस्थसम्म कानुनभन्दा माथि हुने प्रवृत्ति बढाएको छ। शासन व्यवस्था नै भ्रष्ट र गैरजवाफदेही बनेका कारण जनताको राज्यप्रतिको भरोसामा कमी आएको छ। नेपालको लोकतन्त्रले अहिले भोगिरहेको यथार्थ हो यो।

संघीयता कार्यान्वयनमा केन्द्रले प्रदेश र स्थानीय तहप्रति उत्तरदायित्व देखाउनुपर्छ। स्रोत र अधिकारको बाँडफाँड र कर्मचारी व्यवस्थापन न्यायोचित हुनुपर्छ। यसमा ढिलाइको कुनै गुञ्जाइस छैन। प्रदेश र स्थानीय तहलाई सेवाप्रवाहमा सक्षम र प्रभावकारी बनाउन हरसम्भव प्रयास गरिनुपर्छ। संघीयताको सफल कार्यान्वयनको दायित्वबाट संघ सरकार विमुख हुनु हुँदैन। संघीयता असफल हुनु भनेको संघीय सरकार पनि असफल हुनु हो।

अधिकारसँगै दायित्वको संस्कार समाजमा स्थापित हुनुपर्छ। कानुनी शिक्षाको प्रसार, नागरिक सचेतना र सरकारी निकायको जवाफदेहिताले प्रभावकारिता बढाउँछ। यसो गर्न सकिएमा सुशासन र स्थिरता सुदृढ हुनेछ। स्वतन्त्र मिडिया र सक्रिय नागरिक समाजले सरकारलाई उत्तरदायी बनाउन सक्छ। त्यसका लागि मिडियालाई निष्पक्ष, तथ्यपरक र अनुसन्धानमुखी बनाउन जरुरी छ।

यी सुधारका माध्यमबाट मात्र दीर्घकालीन स्थायित्व र पारदर्शी शासन सम्भव छ। नेपालको राजनीतिक चेतना अब परिपक्व भइसकेको छ। नागरिकहरू अब अन्धसमर्थक होइनन्, उनीहरू नीति र परिणाममा विश्वास गर्छन्। नवयुवा पुस्ता परिवर्तनको पक्षमा छ। डिजिटल युगको सूचनाले उनीहरूलाई सजग बनाएको छ। आगामी २१ फागुनका लागि तोकिएको निर्वाचन केवल सत्ता फेरबदलका लागि होइन। यो त नेपालको लोकतन्त्रको पुनर्जीवनको अवसर हो। यसले जनतालाई पुनः देशको दिशानिर्धारण गर्ने मौका दिएको छ। दलहरू नसुधिए जनता वैकल्पिक नेतृत्व खोज्न बाध्य हुनेछन्। यही चेतावनी जनताले अहिलेका राजनीतिक दललाई दिएका छन्।

दलहरूले राष्ट्रसेवकको चरित्र बनाउन सके मात्र लोकतन्त्रको सार्थकता स्थापित हुन्छ। साझा राष्ट्रिय हितमा सहकार्य र दीर्घकालीन दृष्टिकोण अपनाउन सके मात्र विकास, समावेशी र सुशासनको मार्ग प्रशस्त हुन्छ। आगामी २१ फागुनका निर्वाचन नेपालका वर्तमान राजनीतिक दलका लागि पुनर्जीवनको ऐतिहासिक अवसर हो। राजनीतिक दलविना लोकतन्त्रको कल्पना गर्न सकिन्न। जहाँ लोकतन्त्र छ, त्यहाँ राजनीतिक दल हुन्छ नै, तर जनभावनाको कदर गर्न नसक्ने दल एक दिन बिलिन भएर जान्छ। राजनीतिक दल र जनताको व्यापक सहभागिता तथा सचेत मतदानविना यो अवसर अर्थहीन साबित हुन सक्छ।

अब समय आएको छ, अस्थिरताका जरा उखेलेर स्थायित्वको नयाँ अध्याय आरम्भ गर्ने। नेपालले राजनीतिक परिवर्तन धेरै भोगिसक्यो। अब आवश्यकता छ, राजनीतिक परिपक्वता, स्थिर सरकार, स्वच्छ प्रशासन र पारदर्शी निर्णय। लोकतन्त्रको सार केवल मतपत्रमा होइन, सत्तापक्ष र प्रतिपक्षको व्यवहार र आचरणमा निहित हुन्छ। दलहरू स्वार्थ होइन, राष्ट्रहितको राजनीतिमा फर्किने र नागरिकप्रति जवाफदेही बन्ने समय आएको छ। नागरिकले सत्ता होइन, सुशासन मागेका छन्। तसर्थ, अबको राजनीति सत्ताको होइन, सुशासनको हुनुपर्छ। यात्रा अस्थिरताबाट उत्तरदायी लोकतन्त्रतर्फको हुनुपर्छ। जुन दिन नेपालले अस्थिरताबाट स्थायित्वतर्फको यात्रामा सफलता प्राप्त गर्नेछ, त्यो दिन मात्रै साँचो अर्थमा लोकतन्त्र जनताको हातमा पुग्नेछ।

३ प्रश्न

अध्यागमन विभागका महानिर्देशक **रामचन्द्र तिवारी**लाई



■ अध्यागमनमा झमेलै झमेला छन् भन्ने गुनासा सुनिन्छन् नि ?

अहिले त्यस्तो ठुलो गुनासो त प्राप्त भएको छैन। कागजपत्र पूरा भएका कसैले पनि कुनै झमेला व्यहोर्नुपर्दैन। कसैलाई विनाकारण अवरोध गरिएको छैन। प्रविधिमा हुने समस्याले गर्दा लाम केही लामो हुनुचाहिँ अन्यथा होइन। यस्तो त संसारभर नै हुन्छ। कहिलेकाहीँ कर्मचारी बिदामा बस्दा पनि समस्या देखिन सक्छ।

■ भिजिट भिसामा सेटिङ रोकिएपछि विमान कम्पनीहरूले बोर्डिङ नदिई फिर्ता पठाइरहेका छन् भन्ने सुनिन्छ नि ?

यस्तो समस्या विगतमा पनि थियो तर खासै बाहिर आएको थिएन। म विभागमा आएदेखि यस विषयमा निरन्तर 'फलो' गरिरहेको छु। खाडीतिर जाने यात्रुबाट यस्ता गुनासा आएका हुनाले त्यता जाने सबै एयरलाइन्सलाई बोलाएर हामीले छलफल गरिसकेका छौँ। साथै, कसैको कागजात नपुगेर पठाउन नसकिने अवस्था छ भने त्यसको कारणसहित लिखित जानकारी दिन र विभागमा पनि विवरण पठाउन भनेका छौँ। राहदानी लिएर भिसा पाइसकेका यात्रुलाई कसैको तजबिजीका आधारमा रोक्न पाइन्न।

■ अध्यागमन पुगिसकेपछि नागरिकले दुःख नपाउने व्यवस्था मिलाउन सकिन्न ?

मजाले सकिन्छ। तर, यसका लागि अध्यागमन एक्लैले केही गर्न सक्दैन। श्रम, शिक्षा, ट्राभल एजेन्सीलगायत धेरै निकायले एकसाथ मिलेर काम गर्ने हो भने कसैले पनि अध्यागमन पुगेर फर्किनुपर्दैन। राहदानी दिँदा नै स्थानीय तहदेखि सिडिओ कार्यालयसम्मले यसबारे ध्यान पुऱ्याउनुपर्छ। भिसा लागेको राहदानी बोकेर अध्यागमन पुगेको यात्रुलाई अध्यागमनको ढोकामा रोकेर समस्याको समाधान हुँदैन। त्यसैले, हामीले यसबारे सचेत भइदिन अनुरोधसाथ ७५३ पालिकालाई नै पत्राचारसमेत गरिसकेका छौँ।

प्रेरक प्रसंग

हजुरबा र नातिको संवाद

आफ्ना हजुरबालाई उदास देखेर नातिले प्रश्न गरे- हजुरबा ! हजुर चिन्तितजस्तो देखिनुहुन्छ नि किन ? हजुरबाले भने- केही होइन, यसो आफ्नो जिन्दगीबारे सोचिरहेको थिएँ। नातिले उत्साहित हुँदैन भने- मलाई पनि आफ्नो जिन्दगीबारे केही-केही बताउनुहोस् न हजुरबा !



नातिले कर गरेपछि हजुरबाले भने- म सानो हुँदा ममाथि कुनै जिम्मेवारी थिएन। मेरो कल्पनाको सीमा थिएन। त्यसैले, म यो संसार बदल्नेबारे सोच्ने गर्थेँ। जब म केही ठुलो भएँ, मेरो बुद्धि पनि केही बढ्यो। संसार बदल्ने काम निकै कठिन लाग्यो, त्यसपछि मैले आफ्नो लक्ष्यलाई केही सानो बनाएँ र देश बदल्ने अठोट गरेँ।

तर, केही समय बितेपछि मलाई लाग्यो, यो देश बदल्नु कुनै मामुली काम होइन। जोकोहीले यस्तो गर्न सक्दैन। त्यसैले, मैले आफ्नो घरपरिवार र निकट आफन्तलाई बदल्ने सोच बनाएँ।

तर, अपसोच, मैले त्यही पनि गर्न सकिनँ। अब त म यस संसारको केही दिनको पाहुना मात्र हुँ। मलाई अहिले आएर लाग्न थालेको छ, मैले संसार बदल्ने सपना देख्नुको साटो आफैँलाई बदल्ने सपना देखेर त्यसैअनुरूप अघि बढेको भए म पक्कै त्यस कार्यमा सफल हुने थिएँ। म बदलिएको देखेर मेरो परिवार र आफन्त पनि बदलिने थिए। के थाहा, मेरो परिवारलाई हेरेर अन्य परिवार हुँदै देशै बदलिन पनि सक्थ्यो। हुँदाहुँदा हाम्रो देशलाई हेरेर संसार बदलिन पनि बेर थिएन।

बिस्तारै हजुरबाका आँखा बन्द हुँदै गए। उनले सानो स्वरमा भने- बाबु, तिमीले मेरोजस्तो गल्ती नगर्नू। केही बदल्नुअघि आफैँलाई बदल्नू। बाँकी सबै आफैँ बदलिँदै जान्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

डर लागेको हो नेताज्यू ?

बल्ल डर लाग्यो ? सुरक्षा सरकारमातहतमा हुने हो, सरकारप्रमुख तपाईं नै हुनुहुन्थ्यो, कुनै पनि बहानामा उम्कने छाँट छैन। यो अन्तर्राष्ट्रिय मान्यता नै हो।

● **मच्छिन्द्र नरसिंह प्याकुरेल**

बंगलादेशमा सेख हसिना जेन-जीहरूको विद्रोहका कारण बर्खास्त भएर भारतको शरणमा भागेर गएको हुनाले विद्रोहीले नै, अमेरिकामा रहेका युसुफलाई निमन्त्रणा गरेर प्रधानमन्त्रीमा नियुक्त गरेका थिए। त्यसरी नै ओली सरकारलाई बर्खास्त गरेर सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरिएको होइन र ? अब अहिले ओलीले आफ्नो गल्ती स्वीकार गर्नु त कता हो कता, उल्टै सरकारमाथि नै प्रश्न गरेर तानाशाह प्रवृत्ति देखाउन सुहाउँछ त ?

● **निरञ्जन मैनाली**

आफैँले बन्दुक नपड्काए पनि अपराध गरेपछि सरकार प्रमुख भएको नाताले जिम्मेवारी लिनुपर्दैन र नेताज्यू ?

● **भीम बोहरा**

हिजो देश र जनताका लागि जेल बस्नुभएको थियो। आज जनता र देशका लागि एकपटक फेरि बसिदिनुभए राम्रो हुने थियो।

● **अर्जुन सुन्दास**

बुबासँग डराउने छोरो पौरखी बन्छ, आमासँग डराउने छोरी संस्कारी बन्छे। गुरुसँग डराउने शिष्य विद्वान् बन्छ, समाजसँग डराउने मानिस आदर्श बन्छ। तर, लाज, शरम, मानवता, नैतिकता, इमानदारी, दया, हीनताबोध अनि लज्जाबोध केहीबाट पनि नडराउने मानिस एमालेको झोले बन्छ भन्छन्, हो कि होइन होला ?

● **सुजन तामाङ**

गल्ती गरेको छैन भनेको होइन ? नबिगार्नु नडाउनु। किन डराएको हो ? पक्राउ गर्न दिनु न !

● **जय पराजुली**

होइन, सरकार प्रमुख हुँदा प्रतिपक्षी मेरा पछाडि लाग्यो भनेर रोइलो गर्ने, फेरि अहिले जेन-जीले सरकारबाहिर पठाइदिँदा फेरि सरकार मेरा पछाडि लाग्यो भन्ने ! अनि वेलावेला जनता मेरा पछाडि छन् पनि भन्ने। होइन, सबै यिनका पछाडि मात्रै किन छन् हँ ?

● **अमित शर्मा**

ओलीजी राम्रा नेता हुन्। तैपनि, यिनले गरेका नीतिगत भ्रष्टाचारले आसेपासेलाई जुन लुट गर्न छुट गरे यिनले, त्यसकै विरोध हो यो सब।

● **भुवन श्रेष्ठ**

यिनले जनताको मतलाई भ्रष्टाचारको लाइसेन्स बनाए र यो अवस्था आयो। उनी अहिले क्रिकेट रंगशाला मैले बनाएको भनेर जस लिन खोज्दै छन्। तर, २३ गतेको आन्दोलनमा मेरो हातले गोली चलाएको हो र भनेर पन्छिन किन खोज्दै छन् ? यसैको जवाफ खोजेका हुन् जनताले।

● **यम गौतम**

ठिक छ, गोली चालाऊ भनेको होइन। तर, गोली चलिरहेको वेला सरकार प्रमुखले नचलाऊ त भन्न सक्नुपर्थ्यो नि, होइन र !

● **प्रदीप भट्ट**

त्यसो त केपी ओलीले गरेका काम फ्लाई ओभर, सुरुङमार्ग अन्तर्राष्ट्रिय विमानस्थल, फास्ट ट्र्याक, धरहरा, पेट्रोलियम उत्खनन, रेलमार्ग, रानीपोखरी, संसद् भवनजस्ता हजारौँ काम छन्। यो स्टेडियम त एउटा उदाहरण मात्रै हो। देशमा भएका सबै नयाँ पुराना नेताले गेरका एउटा मात्रै यस्तो काम देखाऊ त, केपी ओलिबाहेक। उनले गरेका यस्ता हजारौँ काम छन्। यस्तै काम र भिजनको झोले हुनुमा गर्व छ हामीलाई।

● **डेभिड मलिक**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अफ्रिकाको 'अफगानिस्तान' बन्ने मार्गमा सुडान

सन् १९९० पछि अफगानिस्तानमा जसरी मुस्लिम अतिवादीको गढ बनेको थियो, अहिले सुडान त्यही मार्गमा छ



देश / विदेश

● हुसेन हक्कानी

लामो द्वन्द्वका कारण सन् १९९० को दशकमा अफगानिस्तान विश्वव्यापी जिहादको केन्द्र बन्न पुग्यो। सुडान अहिले त्यस्तै खालको दीर्घकालीन अराजकतातर्फ जाँदै छ, जसप्रति अन्तर्राष्ट्रिय समुदायले ध्यान दिन आवश्यक छ। सुडानको राजधानी खार्तुम अहिले जनरल अब्देल फताह अल-बुरहान नेतृत्वको सुडानी राष्ट्रिय सेनाको नियन्त्रणमा छ। तर, देशको पश्चिमी भागमा भने जनरल मोहम्मद हमदान डागालो, 'हेमेदती' नेतृत्वको प्रतिद्वन्द्वी 'र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) को कब्जा छ। आरएसएफले गत महिना उत्तरी डार्फरको राजधानी सहर अल-फसेरमाथि पुनः नियन्त्रण गरेको छ। त्यसपछि आरएसएफले त्यहाँ व्यापक नरसंहार मच्चाएको समाचार विश्वभरका मिडियामा आएका थिए।

युद्धविराम र अन्तर्राष्ट्रिय समर्थन रहने सर्वपक्षीय सरकारका लागि वार्ता सुरु नहुने हो भने सुडान लामो समयसम्म द्वन्द्वमा फस्ने दिशामा अघि बढिरहेको छ। द्वन्द्वरत दुई पक्षलाई सघाउने समूहको संख्या दिनप्रतिदिन बढ्दै छ। यसले पूरै समाज ध्रुवीकृत भइरहेको छ। जस्तो, जनरल अल-बुरहानलाई मुस्लिम ब्रदरहुडसँग आबद्ध इस्लामिक लडाकुले समर्थन जनाइरहेका छन् भने हेमेदतीले देशका आदिवासी सहयोगी, इस्लामविरोधी मिलिसिया र बाह्य समर्थन पाइरहेका छन्।

यस्तै अवस्था सन् १९८९ मा सोभियत संघको फिर्तीपछि अफगानिस्तानमा देखिएको थियो। त्यतिवेला पनि बाँकी विश्वले त्यहाँको स्थितिलाई अहिले सुडानलाई गरेजस्तै बेवास्ता गरेको थियो। परिणामस्वरूप तालिबानको उदय भयो। तिनले अलकायदाजस्ता धेरै अतिवादी समूहलाई आश्रय दिए। सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकामाथि भएको आक्रमणको योजनादेखि सबै तयारी त्यहीँ भएको मानिन्छ। लामो युद्धपछि, अलकायदा र यसको थप हिंस्रक रूप इस्लामिक स्टेट (आइएस) अहिलेका लागि कमजोर बनेका छन्। तर, मुस्लिम विश्वमा चरमपन्थी शक्तिहरूले विगतमा आफूलाई विभिन्न क्षेत्रमा विभिन्न रूपमा पुनरुत्थान गरेको इतिहास छ।

वैश्विक बेवास्ताले सुडान अर्को नयाँ जिहादी उत्थानको उर्वर भूमि बन्न सक्छ। यस्तो छुट दिनु गम्भीर रणनीतिक भूल हुनेछ। अलकायदा आबद्ध समूह यसअघि नै नजिकैको मालीमा भन्डै देशै कब्जा गर्ने स्थितिमा पुगेको छ। धेरैले बिर्सिएका होलान्, तर अफगानिस्तानमा आश्रय पाउनुअघि अलकायदा सन् १९९० को दशकको सुरुमा सुडानमा स्थापित हुने प्रयास गरेको थियो।

वर्षौंको राजनीतिक अस्थिरता, कुशासन र सैन्य प्रतिस्पर्धा आजको सुडानी राष्ट्रिय सेना र आरएसएफबिचको वर्तमान द्वन्द्वका लागि जिम्मेवार छन्। त्यसको मूल जरा सन् १९८९ को सैन्य विद्रोहसँग जोडिन्छ। मुस्लिम ब्रदरहुडका विचारक हसन अल-तुराबी त्यस कुका मास्टरमाइन्ड थिए। कुले जनरल ओमर हसन अल-बसिरलाई सत्तामा ल्यायो। तुराबी आन्तरिक शक्ति संघर्षमा उनै जनरल अल-बसिरबाट पन्छाइए। सन् २०१९ को जनविरोधले अल-बसिरको ३० वर्षे शासनमा पूर्णविराम लगायो।

इस्लामिक कट्टरपन्थी सुडानको द्वन्द्वमा एक महत्त्वपूर्ण हिस्सा रहेका छन्। राजधानी खार्तुम कब्जा गरिबसेको आरएसएफ फौजलाई हराउन राष्ट्रिय सेनाले जनरल अल-बसिरको शासनकालका हजारौँ पूर्वगुप्तचर अधिकारीको समर्थन खोजेको थियो। यसलाई जनरल अल-बसिरले वैचारिक नेता तुराबीसँग बनाएको



गठबन्धनसँग तुलना गर्न सकिन्छ। दशकौँअघि एकजना महत्त्वाकांक्षी जनरलको इस्लामिक समूहसँगको गठबन्धनका कारण सुडानले ठुलो मूल्य चुकाएको थियो। त्यो स्थिति दोहोरिने जोखिम बढ्दै छ। सुडानी राष्ट्रिय सेना र इस्लामिक समूहबिचको साझेदारीले देश उत्तर अफ्रिका र लाल सागर जोड्ने मार्गबिचमा अतिवादीलाई सुरक्षित आश्रय दिन सक्छ। उसो त द्वन्द्वरत आरएएफ र राष्ट्रिय सेना दुवैलाई अन्धाधुन्ध आक्रमण, नागरिक दमन, मानवीय सहायता वितरण प्रभावित बनाएको र मानवअधिकार उल्लंघनको आरोप लागिरहेको छ। खार्तुम आरएसएफबाट फिर्ता लिएपछि जनरल बुरहान थप सैन्य आक्रमणका लागि हौसिएका छन्। उनको संरक्षणमा रहेको सरकारले 'संयुक्त अरब इमिरेट्स (युएई)ले लाई आफ्नो प्रतिद्वन्द्वी शक्तिलाई समर्थन गरेको आरोप लगाएको छ। तर, यो आरोप खासमा बुरहानको इस्लामबादी समूहसँगको गठबन्धनबाट ध्यान अन्यत्र मोड्ने प्रयास मात्र हो।

अहिलेको स्थिति हेर्ने हो भने दुई वर्षदेखि चलिरहेको सुडान गृहयुद्ध सैन्य माध्यमबाट मात्र समाप्त हुने देखिँदैन। सुडान जातीय र भौगोलिक रूपमा विशाल तथा विविधतायुक्त देश हो र यी दुई शक्तिशाली समूहले देशका विभिन्न भागको नियन्त्रणका लागि लड्दा यो गृहयुद्ध वर्षौं लम्बिन सक्छ। लामो गृहयुद्धले सुडानलाई अर्को यमन बनाउन सक्छ, जहाँ अन्तर्राष्ट्रिय व्यवस्था नमान्ने अतिवादी समूहको प्रभुत्व छ। वा, यो अर्को लिबिया पनि हुन सक्छ, जहाँ दुई अलग सरकारले अलग क्षेत्रमा शासन गरिरहेका छन्। वा, अफगानिस्तानमा तालिबानको उदयजस्तै अनपेक्षित परिणाम निम्तिन पनि सक्छ। सुडानको थप पतन वा विघटनले नजिकका इथियोपिया, चाड, दक्षिण सुडान र समग्र हर्न अफ अफ्रिकामै असर पर्नेछ। बिस्तारै सम्पूर्ण अफ्रिका र मध्यपूर्व यस द्वन्द्वको चपेटामा आउनेछन्।

संयुक्त राष्ट्र, संयुक्त राज्य अमेरिका र युरोपेली संघ, साथै अरब र अफ्रिकी राष्ट्रले त्यो विपत्ति रोक्न महत गर्न आवश्यक छ। सुडानलाई पूर्ण असफल राज्य हुन नदिन अन्तर्राष्ट्रिय समुदायले तत्काल युद्धविरामको आह्वान गर्नुपर्छ। त्यसपछि खार्तुममा सर्वपक्षीय सरकार गठनका लागि वार्ता हुनुपर्छ। द्वन्द्वको निरन्तरताले अतिवादी समूहलाई खेल्ने ठाउँ सिर्जना गर्छ। जसबाट सबैलाई घाटा मात्र हुनेछ।

(अमेरिकाका लागि पाकिस्तानका पूर्वराजदूत हक्कानी वासिङटन डिसीस्थित हड्सन इन्स्टिच्युटका सिनियर फेलो हुन्)

नेसनल इन्ट्रेस्टबाट

अमेरिकाको प्रतिकारका लागि तयार छ भेनेजुएला ?



● एलिजाबेथ मेलिमोपोलोस
(मेलिमोपोलोस अलजजिराको अंग्रेजी संस्करणकी डिजिटल सामग्री निर्माता हुन्)



अमेरिकाले आक्रमण गरिहाले भेनेजुएलाको सेनाले बलियो प्रतिरोध गर्न सक्ने सम्भावना कम छ, तर राष्ट्रपति मदुरो सजिलै पछि हट्ने अवस्थामा देखिँदैनन्

भेनेजुएलाले गत मंगलबार आफ्नो तटीय क्षेत्रमा बढ्दो अमेरिकी नौसेनाको उपस्थितिको प्रतिक्रियामा ठुलो देशव्यापी सैन्य तैनाथीको घोषणा गऱ्यो । बिहीबार नै अमेरिकाले 'साउदर्न स्पियर' नामक सैन्य अभ्यासनको घोषणा गरेको छ । अमेरिकाले आफ्नो सैन्य वृद्धिलाई पश्चिमी गोलार्द्धका 'लागुऔषध-आतंकवादी'प्रति लक्षित रहेको बताएको छ । तर, यसले काराकसमा भने चिन्ता बढाएको छ । अमेरिकी अभियानको पछाडि राष्ट्रपति निकोलस मदुरोलाई सत्ताबाट हटाउने मूल उद्देश्य रहेको भेनेजुएलाको बुझाइ देखिन्छ । यदि अमेरिकाले आक्रमण गरिहाले भेनेजुएला प्रतिरोधका लागि कत्तिको तयार छ त ?

ट्रम्प प्रशासनले क्यारिबियन क्षेत्रमा अमेरिकाभित्र लागुऔषध तस्करी गर्ने डुंगाहरूमा एकपछि अर्को आक्रमण गरेको छ । गत साता यस आक्रमण शृंखलामा २०औं हमला गरेको अमेरिकी अधिकारीले बताएका छन् । आक्रमणमा हालसम्म ८० जनाको मृत्यु भइसकेको छ । वासिंटनले लागुपदार्थ ओसारपसार गर्ने कार्टेलसँग मिलेर भेनेजुएलाका मदुरोले अमेरिकामा लागुपदार्थको तस्करी गरिरहेको भन्ने अप्रमाणित आरोप लगाइरहेको छ । हवाई आक्रमणका अतिरिक्त अमेरिकाले भेनेजुएलानजिकको समुद्रमा ठुलो सैन्य तैनाथी बढाउँदै लगेको छ ।

> क्यारेबियन क्षेत्रमा अमेरिकी उपस्थिति बढ्न थालेपछि भेनेजुएलाले 'इन्डिपेन्डेन्स प्लान २००' अन्तर्गतको अन्तिम चरण सक्रिय पारिएको रक्षामन्त्री भ्लादिमिर पाद्रिनो लोपेजले घोषणा गरेका छन् । जसअनुसार सैन्य अभ्यासका लागि देशभर दुई लाख सेना सक्रिय पारिएको छ ।

पछिल्लो समय अमेरिकाले विश्वकै सबैभन्दा उन्नत र ठुलोमध्ये एक युद्धपोत 'युएसएस जेराल्ड आर फोर्ड'लाई क्यारिबियन पठाएको छ । 'सेन्टर फर स्ट्राटेजिक एन्ड इन्टरनेसनल स्टडिज (सिएसआइएस)'मा रक्षा तथा सुरक्षा कार्यक्रमका वरिष्ठ सल्लाहकार मार्क क्यान्सियनका अनुसार यो युद्धपोत वासिंटनले भनेको लागुऔषध तस्करी नियन्त्रण गर्ने घोषित उद्देश्यका लागि उपयुक्त छैन । 'फोर्ड युद्धपोत लागुपदार्थविरोधी अप्रेसनका लागि भन्दा समुद्रमा वा जमिनमा विरोधीमाथि आक्रमण गर्न उपयुक्त छ,' क्यान्सियनले भने ।

■ भेनेजुएलाको तयारी

भेनेजुएलाले क्यारेबियनमा अमेरिकी उपस्थिति बढ्न थालेपछि सेप्टेम्बरमै 'इन्डिपेन्डेन्स प्लान २००' नामक सैन्य प्रतिक्रिया संयन्त्र सुचारु गरेको थियो । मंगलबार रक्षामन्त्री भ्लादिमिर पाद्रिनो लोपेजले 'इन्डिपेन्डेन्स प्लान २००' अन्तर्गतको 'अन्तिम चरण' सक्रिय गरिएको घोषणा गरे । 'यसअन्तर्गत सैन्य अभ्यासका लागि देशभर लगभग दुई लाख सेना तैनाथ गरिएका छन्,' पाद्रिनो लोपेजले थपे । अभ्यास मंगलबार सुरु भएर बुधबार समाप्त हुने समयतालिका छ । 'साम्राज्यवादी आक्रामकता' र वासिंटनको 'विश्वको मालिक' वा 'विश्व प्रहरी' बन्ने प्रयासविरुद्ध पछिल्लो परिचालन गरिएको बताउँदै लोपेजले भेनेजुएला आफ्नो स्वतन्त्रता, स्वधीनता र सार्वभौमिकताप्रति प्रतिबद्ध रहेकोमा जोड दिए । अमेरिकाले गुप्त रूपमा मदुरो शासनविरुद्ध भेनेजुएलाको सैन्य संयन्त्रमा विभाजन निम्त्याउने प्रयाससमेत गरिरहेको चर्चा छ ।

■ भेनेजुएली सेना कति शक्तिशाली ?

'ग्लोबल फायरपावर'ले तयार पारेको २०२५ सैन्य क्षमतासम्बन्धी वरीयतामा भेनेजुएला सैन्य क्षमताका हिसाबले विश्वका १६० देशमध्ये ५०औँ स्थानमा छ । ल्याटिन अमेरिकाभित्र भने यो सातौँ स्थानमा छ । ब्राजिल, मेक्सिको र अर्जेन्टिनाजस्ता क्षेत्रीय शक्ति ऊभन्दा अगाडि छन् भने कोलम्बिया, चिली र पेरु उसकै हाराहारी उभिएका छन् । यसै साता सिएसआइएसले जारी गरेको एक रिपोर्टअनुसार भेनेजुएलाको वायुसेना उति बलियो देखिँदैन । ऊसँग ४९ वटा सैन्य विमान भए पनि जम्मा ३० वटा मात्र काम गर्ने अवस्थामा रहेको विश्वास छ । त्यस्तै, प्रतिबन्धका कारण विगतमा अमेरिकासँग किनिएका एफ-१६ युद्धक विमानका पार्टपुर्जा फेर्न नसकिएकाले केवल तीनवटा एफ-१६ मात्र काम गर्ने अवस्थामा रहेको मानिन्छ ।

पछिल्लो समय भेनेजुएलाले ठुलो परिमाणमा रुसी हतियार प्रणाली खरिद गरिरहेको छ । यसअन्तर्गत अर्बौं डलरको रुसी मिसाइल र लडाकु जेट किनिएका छन् । यी खरिदपछि भेनेजुएलासँग कम्तीमा २१ वटा रुसी एसयु-३० एस आइपुगेका छन् । सन् १९८० को दशकमा विकसित यो रुसी लडाकु विमानले 'सुपरसोनिक' जहाजमाथि आक्रमण गर्न सक्ने मिसाइलसमेत बोक्न सक्छन् । यसले भेनेजुएलानजिकै सञ्चालन हुने नौसेना युद्धपोतका लागि खतरा निम्त्याउन सक्छ । त्यसैले, द्वन्द्वको स्थितिमा भेनेजुएलाका लडाकु विमान सम्भवतः अमेरिकाको पहिलो निसाना हुनेछ । अमेरिकाले यस क्षेत्रमा उन्नत एफ-३५ स्टिल्थ लडाकु विमान तैनाथ गरिसकेको छ । खासमा तिनको तैनाथी सम्भवतः भेनेजुएलाका लडाकु विमान र त्यसको हवाई रक्षा प्रणाली सोचेर नै गरिएको हो । तथापि, जमिनमा भने समुद्रमा तैनाथ गरिएका सीमित अमेरिकी सेनाको तुलनामा भेनेजुएलाको सेनाको उल्लेखनीय रूपमा ठुलो उपस्थिति छ । 'ग्लोबल फायरपावर'का अनुसार ३.१ करोड जनसंख्या भएको भेनेजुएलामा तीन लाख ३७ हजार सक्रिय सैन्य कर्मचारी छन्, जसमध्ये एक लाख नौ हजार सक्रिय सैन्य बल र दुई लाख २० हजार अर्धसैनिक बल हुन् । बाँकी आठ हजार भने रिजर्भ बल हो । तथापि, अन्य सबै कुरामा अमेरिका सैन्य रूपमा भेनेजुएलाभन्दा धेरै अगाडि छ ।

■ अमेरिकी उद्देश्य रणनीतिक

ट्रम्पले भेनेजुएलानजिक समुद्रमा सैन्य वृद्धिलाई अमेरिकामा लागुऔषधको प्रवाहलाई रोक्न आवश्यक रहेको भन्दै जायज ठहऱ्याउने प्रयास गरेका छन् । तर, धेरै विश्लेषक भने ट्रम्पको उद्देश्य लागुऔषध रोक्नेभन्दा वर्तमान सरकारलाई सत्ताच्युत गर्ने रहेको बताइरहेका छन् । भन्न त ट्रम्पले भेनेजुएलामाथि आक्रमण गर्ने योजना नरहेको बताएका छन् । भेनेजुएली राजनीतिकशास्त्री कार्लोस पिना पनि वासिंटनको रणनीति सैन्य आक्रमणभन्दा पनि राजनीतिक दबाब सिर्जना गर्ने रहेकोमा विश्वास गर्छन् ।

'अमेरिकाको मुख्य विकल्प सशस्त्र आक्रमण गर्नेभन्दा निकोलस मदुरोलाई राजीनामा दिन र शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गर्न पर्याप्त दबाब दिनु हो । अमेरिकाको हकमा यही नै सबैभन्दा उपयुक्त विकल्प पनि हो,' पिनाले भने । पिनाका अनुसार मदुरो पनि यस रणनीतिबारे पूर्ण जानकार छन् । 'मदुरोलाई यो थाहा भएकैले कुनै पनि सम्भावित हस्तक्षेपको मूल्य ठुलो बनाउने प्रयास गरिरहेका छन्,' पिनाले भने, 'साथै अमेरिकी आक्रमणको ल्याटिन अमेरिका र देशभित्रै पनि विरोध हुनेछ भन्नेमा उनी विश्वस्त देखिन्छन् ।' अमेरिकी तैनाथी बढ्दै जाँदा वासिंटनमै पनि राजनीतिक दबाब बढ्न सक्छ । क्यारेबियन क्षेत्रमा यति धेरै सैन्य उपकरण पठाएपछि ट्रम्पलाई पनि कुनै उपलब्धि नदेखाई पछि हट्न गाह्रो भएको छ । 'ट्रम्पमाथि सम्भवतः हार देखिनबाट बच्न केही गर्नैपर्ने दबाब छ । त्यसैले उनी काराकासमा राजनीतिक परिवर्तनलाई दबाब बढाउन सम्भवतः अमेरिकी सैन्य उपस्थिति बढाइरहनेछन्,' पिनाले भने ।

- अलजजिराबाट

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा

बोलपत्र छनौटको आशयको सूचना

प्रकाशित मिति : २०८२/०८/०२

यस पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानको मिति २०८२/०६/०१ को सौर्य दैनिकमा प्रकाशित निम्नानुसारको बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम म्याद भित्र पर्न आएका बोलपत्रहरू मध्ये यस प्रतिष्ठानबाट गठीत मूल्यांकन समितिबाट मूल्यांकन हुदाँ देहाय बमोजिमका बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी छनौट गर्ने निर्णय भई आएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.न	ठेक्का नंवर/खरिदको विवरण	बोलपत्रदाताको नाम ठेगना	कबोल अंक (भ्याट सहित)	कैफियत
१	PoAHS/workers /NCB-04 /2082-83 Procurement of Supply of Security Workers	श्री Laxmi Krishna Security Service and Solution Pvt Ltd, Syangja	रु १,६४,५२,२३६.८०८०/-	सारभुत रुपमा प्रभावग्राही बोलपत्र

निर्देशक

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८२।०८।०२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरतावेका गर्दा तथा विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्न बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पुनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्सास, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८२।०८।०९ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्सास, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्सास, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरणः

१. ऋणीको नामः न्यू अनुषा सपिङ्ग सेन्टर **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वीरेन्द्रनगर, सुर्खेतमा दर्ता रहेको), दर्ता नं.: ९४८५/०७५/७६, दर्ता मितिः २०७५/११/१४, स्थायी लेखा नं.: ६०९२९८५९४, ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ६ ।

प्रोप्राईटरः

लक्ष्मी खड्काः ना.प्र.प.नं (जारी मिति/स्थानः ६७०१८(२०६१/०१/२८/सुर्खेत), बाबुको नामः सुख बहादुर खड्का, ससुराको नामः दल बहादुर खड्का, पतिको नामः खगेन्द्र खड्का, ठेगानाः सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स., वडा नं. १ परिवर्तित सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. १३ ।

व्यक्तिगत जमानतकर्ताः

खगेन्द्र खड्काः ना.प्र.प.नं (जारी मिति/स्थानः ३८२०२(२०५७/०१/०७/सुर्खेत), बाजेको नामः जित बहादुर खड्का, बाबुको नामः दल बहादुर खड्का, ठेगानाः सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स., वडा नं. १ परिवर्तित सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. १३ ।

लिलाम हुने धितोको विवरणः

जित बहादुर खड्काको नाति, दल बहादुर खड्काको छोरा, सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स., वडा नं. १ परिवर्तित सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. १३ बस्ने **खगेन्द्र खड्का**को नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, बयलकांडा गा.वि.स./न.पा., वडा नं. ३/ख स्थित कि.न. १२४२ र १२४७ को क्षेत्रफल क्रमशः ०-०-३$^{१/४}$ र ०-०-३$^{१/२}$ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

२. ऋणीको नामः वाग्लुङ गार्मेन्ट रेडिमेड सेन्टर **कर्जा शिर्षकः** क्यास क्रेडिट
(प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, तनहुँ, गण्डकी प्रदेशमा दर्ता रहेको), दर्ता नं.: ४६६०/०७२/०७३, दर्ता मितिः २०७२/०५/०८, स्थायी लेखा नं.: ६१६०९८२६४, ठेगानाः तनहुँ जिल्ला, व्यास न.पा. वडा नं २ ।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः

नन्द कली सुनारः ना.प्र.प.नं (जारी मिति/स्थानः ५०२००७/२१३ (२०६३/११/१३/बाग्लुङ्ग), बाबुको नामः कर्ण बहादुर सुनार, ससुराको नामः बल बहादुर कामी, पतिको नामः नर बहादुर कामी, ठेगानाः बाग्लुङ्ग जिल्ला, रायडाँडा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं २ ।

व्यक्तिगत जमानतकर्ताः

रुद्र सुनारः ना.प्र.प.नं (जारी मिति/स्थानः ५०१००७/६५२३ (२०६५/०४/१७/बाग्लुङ्ग), बाजेको नामः देवी राम कामी, बाबुको नामः कर्ण बहादुर कामी, ठेगानाः बाग्लुङ्ग जिल्ला, रायडाँडा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं १० ।

लिलाम हुने धितोको विवरणः

कर्ण बहादुर सुनारको छोरी, बल बहादुर कामीको बुहारी, नर बहादुर कामीको पत्नी, बाग्लुङ्ग जिल्ला, रायडाँडा गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं २ बस्ने **नन्द कली सुनार**को नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स./न.पा. वडा नं. ९/ड स्थित कि.न. ७१३ को क्षेत्रफल ०-१०-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

३. ऋणीको नामः खुश्वु देवी साह **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थानः १८५७७(२०७०/०५/१०/मोरङ), बाबुको नामः केदार प्रसाद साह, ससुराको नामः विश्वनाथ साह, पतिको नामः धनजी साह, ठेगानाः मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ७ ।

व्यक्तिगत जमानतकर्ताः

धनजी साहः ना.प्र.प.नं (जारी मिति/स्थानः ८३०४५(२०६३/१२/२२/मोरङ), बाजेको नामः बलदेव साह, बाबुको नामः विश्वनाथ साह, ठेगानाः मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ७ ।

लिलाम हुने धितोको विवरणः

केदार प्रसाद साहको छोरी, विश्वनाथ साहको बुहारी, धनजी साहको पत्नी, मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ७ बस्ने **खुश्वु देवी साह**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, कसेनी गा.वि.स./न.पा., वडा नं. ४/ड स्थित कि.न. ८८१ को क्षेत्रफल ३३६.५१ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

४. ऋणीको नामः रोजी मास्के **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थानः १२८२३ (२०५१।०२।२९/मोरङ),बाबुको नामः पृथ्वी मास्के, ससुराको नामः धर्मनारायण श्रेष्ठ, पतिको नामः गणेश नारायण श्रेष्ठ, ठेगानाः मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १३ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ५ ।

व्यक्तिगत जमानतकर्ताः

गणेश नारायण श्रेष्ठः ना.प्र.प.नं (जारी मिति/स्थानः २५६३ (२०४३।०५।०३/काठमाण्डौं), बाजेको नामः हर्ष नारायण श्रेष्ठ, बाबुको नामः धर्मनारायण श्रेष्ठ, ठेगानाः काठमाण्डौं जिल्ला, साँखु पुखुलाछी गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. ७ ।

लिलाम हुने धितोको विवरणः

पृथ्वी मास्केको छोरी, धर्मनारायण श्रेष्ठको बुहारी, गणेश नारायण श्रेष्ठको पत्नी, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १३ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ५ बस्ने **रोजी मास्के**को नाममा मालपोत कार्यालय मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १३ स्थित कि.नं. ३४ को क्षेत्रफल ३६५.०० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

५. ऋणीको नामः गम्भीर बहादुर राई **कर्जा शिर्षकः** विपन्न वर्ग कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थानः ०३०४०३/१२९(२०६३/११/१८/इलाम), बाजेको नामः कर्ण बहादुर राई, बाबुको नामः रूप बहादुर राई, ठेगानाः इलाम जिल्ला, गोदक गा.वि.स.वडा नं.६ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, इलाम न.पा. वडा नं.१० ।

व्यक्तिगत जमानतकर्ताः

रूप बहादुर राईः ना.प्र.प.नं (जारी मिति/स्थानः २८०१७/७०२(२०४३/०७/१०/इलाम), बाजेको नामः मानध्वज राई, बाबुको नामः कर्ण बहादुर राई, ठेगानाः इलाम जिल्ला, गोदक गा.वि.स.वडा नं.६ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, इलाम न.पा. वडा नं.१० ।

लिलाम हुने धितोको विवरणः

कर्ण बहादुर राईको नाति, रूप बहादुर राईको छोरा, इलाम जिल्ला, गोदक गा.वि.स.वडा नं. ६ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, इलाम न.पा. वडा नं.१० बस्ने **गम्भीर बहादुर राई**को नाममा मालपोत कार्यालय इलाम को लगतमा दर्ता श्रेष्ता कायम रहेको इलाम जिल्ला, गोदक गा.वि.स,/न.पा. वडा नं. ६/घ स्थित कि.न. ५१ को क्षेत्रफल ४-०-०-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

६. ऋणीको नामः इन्द्र कुमारी राई **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थानः ०३०३९३-९४(२०६३/११/१३/ईलाम), बाबुको नामः गज बहादुर राई, ससुराको नामः पदम प्रसाद राई, पतिको नामः राज कुमार राई, ठेगानाः ईलाम जिल्ला, पुवामझुवा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ३ ।

व्यक्तिगत जमानतकर्ताः

राज कुमार राईः ना.प्र.प.नं (जारी मिति/स्थानः ४२५०६-७४८(२०५१/१०/१५/ईलाम), बाजेको नामः दिल बहादुर राई, बाबुको नामः पदम प्रसाद राई, ठेगानाः ईलाम जिल्ला, पुवामझुवा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ३ ।

लिलाम हुने धितोको विवरणः

दिल बहादुर राईको नाति, पदम प्रसाद राईको छोरा, ईलाम जिल्ला, पुवामझुवा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ३ बस्ने **राज कुमार राई**को नाममा मालपोत कार्यालय ईलामको लगतमा दर्ता श्रेष्ता कायम रहेको ईलाम जिल्ला, पुवामझुवा गा.वि.स./न.पा. वडा नं. ८/क स्थित कि.न. १४६ र १४९ को क्षेत्रफल १७-०-०-० र १६-०-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

७. ऋणीको नामः ईन्दु ओली **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थानः ९१५२१७४८(२०५८/०९/२८/झापा), बाबुको नामः अनीरूद्र ओली, ससुराको नामः टेकनाथ सुवेदी, पतिको नामः विमल सुवेदी, ठेगानाः झापा जिल्ला, सुरूङ्गा गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कनकाई न.पा., वडा नं. ३ ।

व्यक्तिगत जमानतकर्ताः

विमल सुवेदीः ना.प्र.प.नं (जारी मिति/स्थानः १३५३०/११९(२०५५/०५/२८/पाँचथर), बाजेको नामः भगिरथ सुवेदी, बाबुको नामः टेकनाथ सुवेदी, ठेगानाः पाँचथर जिल्ला, थर्पु गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कनकाई न.पा., वडा नं. ३ ।

लिलाम हुने धितोको विवरणः

भगिरथ सुवेदीको नाति, टेकनाथ सुवेदीको छोरा, पाँचथर जिल्ला, थर्पु गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कनकाई न.पा., वडा नं. ३ बस्ने **विमल सुवेदी**को नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, सुरूङ्गा गा.वि.स./न.पा., वडा नं. ५/क १ स्थित कि.न. २२३ को क्षेत्रफल ०-०-८-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्सास, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

Nepal Electricity Authority

Notice Regarding Intent to Accept the Bid

Notice Publication Date : 2082/08/02

Name & Address of Office	IFB and Type of Bidding	Name & Address of Lowest Evaluated Substantially Responsive Bidder	Total Accepted Bid Price (With VAT)
Lumbini Province Division Office, Nepalgunj (Tel No : 081-531783)	NEA-LPDON-2082/083-Workshop -05	M/s Inter Trade, Biratnagar	NRs. 62,03,700.00
Modikhola Hydropower Centre (Tel. No. 067-410042)	MKHPS-082/83-TM-01	M/s National Tech Hydro and Electric Pvt. Ltd. , Butwal	NRs. 21,32,174.40

जानकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गरिएको सूचना

प्रकाशित मितिः- २०८२/०८/०२

यस गाउँपालिकाको मिति २०८२/०६/२७ मा नयाँ पत्रिका दैनिकमा प्रकाशित आन्तरिक आयको ठेक्का नं. JRM/IR/02/2082/083 र JRM/IR/03/2082/083 सम्बन्धी विद्युतीय बोलपत्र (E–Bid) आह्वानको सूचना अनुसार पेश भएका तपसिल बमोजिमको अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.सं.	आय ठेक्का नं.	कामको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल रकम (मू.अ. कर समेत) रू.	कैफियत
१	JRM/IR/ 02/2082/083	कर्णाली नदीको IEE मा तोकिएका क्षेत्रहरुबाट (कैलाशेश्वर सामुदायिक वन नजिकको घाट देखि जगतपुर सामुदायिक वन नजिकको घाट वडा नं. ६, मालझुल घाट वडा नं. ६ र रानीटप्पा घाट वडा नं. ६ र ९) बाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्/संकलन तथा बिक्री	श्री के. एस. आर. निर्माण सेवा, जानकी-९, कैलाली	९५,३५,६१८।- (अक्षरेपी पन्चानब्बे लाख पैंतीस हजार छ सय अठार मात्र ।)	
२	JRM/IR/ 03/2082/083	कर्णाली नदीको IEE मा तोकिएका क्षेत्रहरुबाट (मुनुवाँ ठाँडा (कालिका सामुदायिक वनको पूर्वतिर) वडा नं. ९, बलचौर घाट, वडा नं. ९ र गोराङ्गे घाट, वडा नं. ९) बाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन्/संकलन तथा बिक्री	श्री आर. डी. इन्जिनियरिङ्ग सोलुसन, लम्कीचुहा-१, कैलाली	९८,२५,३५०।- (अक्षरेपी अन्ठानब्बे लाख पच्चीस हजार तीन सय पचास मात्र ।)	

प्रमुख प्रशासकीय अधिकृत

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार २ मंसिर ०८२

उत्कृष्ट १४ करदाता सम्मानित

सर्वाधिक आयकर बुझाउनेमा राजबहादुर शाह, निकायमा दूरसञ्चार प्राधिकरण, कम्पनीमा भाटभटेनीदेखि आइएमईसम्म

मीनराज बसन्त/नयाँ पत्रिका



सरकारले आर्थिक वर्ष ०८१/८२ मा सर्वाधिक कर तिर्ने उत्कृष्ट १४ करदातालाई सम्मान गरेको छ। व्यक्तिगततर्फ सर्वाधिक कर तिर्नेमा राजबहादुर शाह, निकायतर्फ दूरसञ्चार प्राधिकरण र कम्पनीमा भाटभटेनीदेखि आइएमईसम्म रहेका छन्। आन्तरिक राजस्व विभागले 'कर प्रणालीको सार, लगानीको आधार' भन्ने नाराका साथ आयोजना गरेको 'राष्ट्रिय कर दिवस, २०८२' का अवसरमा विभिन्न विधाअन्तर्गत राजस्वमा सर्वाधिक योगदान दिने उत्कृष्ट करदातालाई सम्मान गरेको हो। अर्थमन्त्री रामेश्वर खनालले सोमबार आयोजित एक कार्यक्रमबिच उत्कृष्ट करदातालाई सम्मानपत्र प्रदान गरे। कर प्रशासनको सेवा नागरिकको घरसम्म पुऱ्याउन आधुनिक प्रणालीको उपयोग बढाउने र करदाताको लागत घटाई कम मूल्यमा व्यापार-व्यवसाय गर्न सक्ने वातावरण सिर्जना गरिने अर्थमन्त्री खनालको भनाइ थियो।

गत आवमा सर्वाधिक कर तिर्ने निकायका रूपमा भने नेपाल दूरसञ्चार प्राधिकरण सम्मानित भएको छ। त्यस्तै, एकलौटी फर्ममध्ये थर्ड आई इन्टरनेसनल, वस्तु निर्यातको कारोबार गर्नेमध्ये डाबर नेपाल प्रालि र सूचना प्रविधिसम्बन्धी सेवा निर्यात गर्नेमा भेरिक्स नेपाल प्रालि रहेका छन्। साथै, कृषि एवं पशुपक्षीजन्य उद्योगमध्ये पोषक ब्रिडर फार्म प्रालि, बैंक, वित्तीय संस्था र बिमाको कारोबार गर्नेमध्ये सबैभन्दा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, स्वास्थ्य तथा शैक्षिक संस्थामध्ये नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल र पर्यटन व्यवसाय गर्नेमध्ये सबैभन्दा बढी आयकर दाखिला गर्ने सोल्टी होटेलसमेत सम्मानित भएका छन्।

सम्मानित हुनेमध्ये वस्तु व्यापारको कारोबार गर्नेमध्ये आव ०८०/८१ को आय विवरणअनुसार सबैभन्दा बढी आयकर दाखिला गर्नेमा भाटभटेनी सुपर मार्केट एन्ड डिपार्टमेन्टल स्टोर प्रालि र वार्षिक कारोबार रकम ५० करोडभन्दा बढी एक अर्बसम्म कारोबार गर्नेमध्ये सिडिएस एन्ड क्लियरिङ लिमिटेड रहेका छन्। त्यस्तै, ऊर्जामूलक उद्योगतर्फ भोटेकोशी पावर कम्पनी प्रालि, रेमिट्यान्स तथा मनी ट्रान्सफरतर्फ आइएमई लिमिटेड र साउन ०७६ देखि असार ०८२ सम्मको कर तिर्ने नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसमेत सम्मानित भएका हुन्।

सो अवसरमा व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान) र कर चुक्ता प्रमाणपत्र आफैंले लिन सकिने प्रणालीको सुरु गरिएको छ। अर्थमन्त्री खनालले उक्त प्रणालीको उद्घाटन गरे। ४० लाखसम्मको आय भएका र एकल रोजगारदाता भएका प्राकृतिक व्यक्तिका लागि क्युआर कोडसहितको अनलाइन कर चुक्ता प्रमाणपत्र र प्यान नम्बर आफैंले लिन सकिने प्रणालीको सुरुवात गरिएको हो।

सबैभन्दा बढी कर तिर्ने उत्कृष्ट करदाता

- **व्यक्तिगत आयमा** : राजबहादुर शाह
- **एकलौटी फर्म** : थर्ड आई इन्टरनेसनल
- **वस्तु निर्यात** : डाबर नेपाल प्रालि
- **सूचना प्रविधि निर्यात** : भेरिक्स नेपाल प्रालि
- **कृषि एवं पशुपक्षीजन्य उद्योग** : पोषकब्रिडर फार्म प्रालि
- **बैंक, वित्तीय संस्था र बिमा** : नेपाल इन्भेष्टमेन्ट मेगा बैंक
- **स्वास्थ्य तथा शैक्षिक संस्था** : नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल
- **पर्यटन व्यवसाय** : सोल्टी होटेल लिमिटेड
- **वस्तु व्यापारको कारोबार** : भाटभटेनी सुपर मार्केट
- **वार्षिक १०० करोडसम्म कारोबार गर्ने** : सिडिएस एन्ड क्लियरिङ लि.
- **ऊर्जामूलक उद्योग** : भोटेकोशी पावर कम्पनी प्रालि
- **रेमिट्यान्स तथा मनी ट्रान्सफर** : आइएमई लिमिटेड
- **०७६ देखि ०८२ सम्मको कर** : नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
- **निकायतर्फ** : नेपाल दूरसञ्चार प्राधिकरण



■ निजी क्षेत्रसँग सहकार्य गर्छौं : अर्थमन्त्री

उक्त अवसरमा अर्थमन्त्री खनालले जेन-जी आन्दोलनपछि खरानीबाट उठेर उच्च मनोबल कायम गर्दै, लगानी र रोजगारी सिर्जना गर्दै राजस्वमा योगदान दिइरहेको निजी क्षेत्रसँग आर्थिक क्षेत्रको दायरा विस्तारमा समन्वय कायम गर्ने बताए। नेपाललाई अन्तर्राष्ट्रिय रूपमा लगानीको आकर्षक गन्तव्य बनाउन पूर्वानुमानयोग्य नीति र नीतिगत स्थिरता कायम गर्न अर्थ मन्त्रालयको संरचनागत पक्षमा सुधार गरिएको बताए।

कार्यक्रमका अर्थ सचिव तथा राजस्व सचिव डा. घनश्याम उपाध्याय र राजस्व सचिव भूपाल बरालले राजस्वको दायरा विस्तार, बेरुजु फर्स्यौट, बक्यौता न्यूनीकरण, लक्ष्यबमोजिम राजस्व संकलन र पेपरलेस तथा फेसलेस विधिमार्फत राजस्व सेवा वितरण गर्न निर्देशन दिए। आन्तरिक राजस्व विभागका महानिर्देशक मदन दाहालले कर प्रशासनमा सदाचारिता कायम गरी करदाता सेवालाई थप सरल र सहज बनाउने बताए।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बैंकमा ११ खर्बभन्दा बढी रकम त्यत्तिकै थुप्रिएको भन्दै लगानीको वातावरण तयार गर्न आग्रह गरे। 'एकातिर अहिले बैंकमा प्रशस्त रकम भएको अवस्था छ भने कतिपय आयोजनामा लगानी नभएर बेबारिसे छन्। जसले गर्दा आयोजनाको लागत बढेको अवस्था छ। यो अवस्थामा अर्थतन्त्र चलायमान बनाउन लगानी बढाउन आवश्यक छ,' उनले भने। जेन-जी आन्दोलनमा घुसपैठ गरी निजी क्षेत्रमाथि आक्रमण गर्नेलाई कारबाही गर्नसमेत उनले आग्रह गरे। निजी क्षेत्रको सम्पत्तिको सुरक्षण गर्न नसक्ने हो भने मुलुकमा थप लगानी हुन नसक्ने उनको भनाइ छ।



पहिलो चौमासिकको पुँजीगत खर्च पाँच वर्षयताकै न्यून

कात्तिक मसान्तसम्ममा चार खर्ब ६८ अर्ब कुल खर्च गरेको सरकारले राजस्व भने तीन खर्ब २९ अर्ब मात्रै संकलन गर्न सक्यो



■ पाँच वर्षयता पहिलो चौमासिकको खर्च

आव (कात्तिकसम्म)	पुँजीगत खर्च
०७८/७९	५.५%
०७९/८०	६.९१%
०८०/८१	९.९३%
०८१/८२	९.८%
०८२/८३	६.२१%

कृष्ण रिजाल/नयाँ पत्रिका

चालू आर्थिक वर्षको पहिलो चौमासिक (साउनदेखि कात्तिक)को पुँजीगत खर्च पाँच वर्षयताकै सबैभन्दा न्यून देखिएको छ। सरकारले कात्तिक मसान्तसम्ममा २५ अर्ब ३१ करोड रुपैयाँ पुँजीगत खर्च गरेको छ, जुन पुँजीगततर्फ विनियोजित वार्षिक बजेटको ६.२१ प्रतिशत मात्रै हो।

सरकारले पुँजीगत खर्च बढाउन नसक्दा समग्र अर्थतन्त्रमै प्रभाव परेको भन्दै हरेक सरकारले त्यसमा व्यापक सुधार ल्याउने घोषणा गर्दै आएका छन्। तर, त्यसमा सामान्य सुधार मात्रै देखिँदै आएको छ। पछिल्ला पाँच वर्षको पहिलो चौमासमा सरकारले औसत ७.६७ प्रतिशत पुँजीगत खर्च गर्न सकेको देखिन्छ। चालू आवको पहिलो चौमासको पुँजीगत खर्च भने पाँच वर्षको औसतभन्दा १.४६ प्रतिशत विन्दुले न्यून रहेको देखिन्छ।

सरकारले आर्थिक वर्ष ०७८/७९ को पहिलो चौमासमा ५.५ प्रतिशत पुँजीगत खर्च गरेको थियो। त्यसयताका वर्षहरूमा ९.९३ प्रतिशतसम्म पुँजीगत खर्च भएको सरकारी तथ्यांक छ। गत आर्थिक वर्ष ०८१/८२ को पहिलो चौमासमा सरकराले ९.८ प्रतिशत पुँजीगत खर्च गरेको थियो। चालू आवको पहिलो चौमासमा भएको पुँजीगत खर्च भने निराशाजनक देखिन्छ। चालू आवको पहिलो चैमासमा सरकारले गरेको पुँजीगत खर्च अघिल्लो आवको सोही अवधिको तुलनामा ३.५९ प्रतिशत विन्दुले न्यून हो।

■ चालू खर्च डेढ प्रतिशतले बढ्यो

चालू आवको पहिलो चौमासिकमा पुँजीगत खर्च निराशाजनक देखिए पनि साधारण खर्च भने बढेको महालेखा नियन्त्रक कार्यालयको तथ्यांक छ। चालू आवको कात्तिक मसान्तसम्ममा सरकारले तीन खर्ब २१ अर्ब रुपैयाँ चालू खर्च गरेको छ। जुन चालूतर्फ विनियोजित वार्षिक बजेटको २७.१८ प्रतिशत हो। यो खर्च गत आवको सोही अवधिको तुलनामा १.५३ प्रतिशतले न्यून हो। गत आवको पहिलो चौमासिकमा सरकारले चालूतर्फ विनियोजित वार्षिक बजेटको २५.६५ प्रतिशत खर्च गरेको थियो।

सरकारले पहिलो चौमासिकसम्ममा कुल चार खर्ब ६८ अर्ब ८८ करोड रुपैयाँ खर्च गरेको छ। यो विनियोजित कुल बजेटको २३.८७ प्रतिशत हो। यस अवधिमा सरकारले वित्तीय व्यवस्थातर्फ एक खर्ब २२ अर्ब ५८ करोड रुपैयाँ खर्च गरेको छ। यो वित्तीय व्यवस्थातर्फ विनियोजित वार्षिक बजेटको ३२.६७ प्रतिशत हो।

■ राजस्व संकलनको लक्ष्य पुगेन

खर्चमा कमजोर देखिएको सरकारले राजस्व संकलनसमेत लक्ष्यअनुसार गर्न सकेको देखिँदैन। चालू आवको पहिलो चौमासमा सरकारले तीन खर्ब २९ अर्ब ५१ करोड रुपैयाँ राजस्व संकलन गरेको छ, जुन लक्ष्यको ७७.४९ प्रतिशत हो। कात्तिकसम्म सरकारले चार खर्ब २५ अर्ब २३ करोड राजस्व उठाउने लक्ष्य राखेको थियो।

सरकारले चालू आवमा कुल १४ खर्ब ८० अर्ब राजस्व संकलन गर्ने लक्ष्य लिएको छ। पहिलो चौमासिकसम्म वार्षिक लक्ष्यको २२.२६ प्रतिशत हो। यो गत आवको सोही अवधिको तुलनामा भने ०.१५ प्रतिशत विन्दुले बढी हो।

निगमका जहाज डाइभर्ट हुँदा भैरहवा जाने

निगमले भैरहवा र पोखरालाई 'वैकल्पिक विमानस्थल'का रूपमा प्रयोग गर्ने

नयाँ पत्रिका



अबदेखि नेपाल वायुसेवा निगमका जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट कारणवश डाइभर्ट हुनुपरेमा भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा जाने भएका छन्। निगमले ३ मंसिरदेखि जहाज डाइभर्ट हुँदा भैरहवा विमानस्थल प्रयोग गर्ने भएको हो।

जुनसुकै कम्पनीका जहाजले हरेक उडानमा उडान र अवतरण गर्ने विमानस्थलका अलाबा वैकल्पिक विमानस्थलसमेत तय गर्नुपर्छ। कुनै कारणवश जहाज डाइभर्ट गर्नुपरेमा पहिले तय गरिएको वैकल्पिक विमानस्थलमा जानुपर्ने हुन्छ। हालसम्म नेपाल वायुसेवा निगमका जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विभिन्न कारणले अवतरण हुन नसक्दा भारतको विमानस्थलमा जाने गरेको थियो। देशमै थप दुई अन्तर्राष्ट्रिय विमानस्थलको विकल्प हुँदा-हुँदै दिल्ली डाइभर्ट हुने गरेको भन्दै निगमको आलोचना हुँदै आएको थियो। चौतर्फी गुनासो र दबाबपछि निगमले अब भैरहवालाई वैकल्पिक विमानस्थल तोकेको हो। 'अब कुनै पनि कारणले जहाज डाइभर्ट गर्नुपर्ने अवस्थामा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई बैकल्पिक विमानस्थलका रूपमा प्रयोग गर्ने निर्णय भएको छ,' निगमले उल्लेख गरेको छ। यसरी गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई वैकल्पिक विमानस्थलका रूपमा प्रयोग गर्दा उल्लेखनीय खर्च कटौती भई समयको बचत हुने विश्वास निगमले लिएको छ। यसका साथै पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई समेत वैकल्पिक विमानस्थलका रूपमा प्रयोग गर्नका लागि आवश्यक अध्ययनको प्रक्रिया थालनी गर्ने निर्णयसमेत भएको प्रवक्ता अनिल घिमिरेले बताएका छन्।

पोखरा-विजयपुर क्षेत्र दैनिक चार घण्टा अवरुद्ध हुने

कास्की/ मुग्लिन-पोखरा राजमार्ग सुधार आयोजनाअन्तर्गत पश्चिम खण्डमा स्तरोन्नतिका लागि १० दिनसम्म दैनिक चार घण्टा सडक पूर्ण तथा आंशिक बन्द हुने भएको छ। आयोजनाको पश्चिम खण्डका प्रमुख कृष्णबहादुर कुँवरका अनुसार पोखरा- २६, विजयपुरस्थित खोलामा निर्माण हुँदै गरेको दुई लेनको पुलमा गर्डर राख्ने कार्यले गर्दा सडक बन्द हुने भएको हो।

२ मंसिरदेखि बिहान-बिहान ६-८ बजेसम्म र दिउँसो १२-२ बजेसम्म बन्द हुनेछ। उल्लिखित रुटमा चल्ने सवारीसाधनलाई सो समय वैकल्पिक बाटो प्रयोग गर्न आयोजनाले अनुरोधसमेत गरेको छ।

जसका लागि दुईपाँग्रे तथा साना सवारीसाधनलाई अर्घौं चोक वा बुढीबजार चोकबाट बेलचौतारा हुँदै चाउथे निस्कने र सोही रुट हुँदै जाने बाटो प्रयोग गर्न भनिएको छ। त्यस्तै, ठुला सवारीसाधन पावरहाउस चोकदेखि बौमारा हुँदै बिरौटा आवतजावत गर्न आयोजनाले अनुरोध गरेको छ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको
धितो सुरक्षण मुल्यांकनकर्ता (Valuator) सूचिकृत सम्बन्धी सूचना

यस बैंकका कर्पोरेट तथा शाखा कार्यालयहरुमा धितो सुरक्षण (Land and Building, Plant & Machinery) को मूल्याङ्कन गर्नको लागि मुल्याङ्कनकर्ताहरु सूचिकृत तथा हाल सूचिकृत मुल्याङ्कनकर्ताहरुको सम्झौता नविकरण गर्नु पर्ने भएकाले उक्त प्रयोजनको लागि सम्बन्धित विषयको सेवा प्रदान गर्न स्विकृती प्राप्त गरेका इच्छुक योग्यता पुगेका रजिष्टर्ड फर्म/कम्पनीहरुले आफुले सेवा प्रवाह गर्ने जिल्ला एंव सेवाको विवरण खुलाई फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा/मूल्य अभिवृद्धी कर (PAN/VAT) दर्ता प्रमाणपत्र र हालसालै चुक्ता गरेको (Latest Tax Clearance Certificate) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी सहितको आवेदन सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र मिति २०८२ मङसिर २२ गते सम्म) यस बैंकको कर्जा प्रशासन विभाग वा सम्बन्धीत शाखा कार्यालयमा दर्ता गराउनु हुन सम्बन्धीत सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

क. योग्यता तथा अनुभव

१. काठमाण्डौ उपत्यका अन्तर्गतका शाखा कार्यालयहरु : 'क' वर्गको वाणिज्य बैंकमा सूचिकृत भई १० वर्षको मूल्याङ्कन सम्बन्धित कार्य अनुभव भएको।
२. काठमाण्डौ वाहेक अन्य सुगम जिल्लाका शाखा कार्यालयहरु : 'क' वर्गको वाणिज्य बैंकमा सूचिकृत भई ५ वर्षको मूल्याङ्कन सम्बन्धित कार्य अनुभव भएको।
३. अन्य दुर्गम जिल्ला अन्तर्गतका शाखा कार्यालयहरु : बैक तथा वित्तिय संस्थाहरु संग सूचिकृत भई वा नेपाल सरकारको कुनैपनी संस्थामा आवद्ध भई धित्तो मुल्याङ्कनको कार्य अनुभव भएको।

नोट:- दुर्गम जिल्ला अन्तर्गतका शाखा कार्यालयहरु भन्नाले बैंकले आन्तरीक रुपमा निर्धारण गरेको शाखा कार्यालयहरु लाई सम्झनु पर्ने छ।

ख. शर्त तथा बन्देजहरु

१. आवेदन दिने इच्छुक रजिष्टर्ड फर्म/कम्पनीमा दुर्गम जिल्ला अन्तर्गतका शाखा कार्यालयहरुको हकमा वाहेक न्यूनतम एक जना संस्थापक (शेयरहोल्डर, संचालक, प्रोप्राइटर) Civil Engineer/ Mechanical Engineer (प्लान्ट तथा मेशिनरीको मूल्याकंन गर्न सक्षम) हुनु पर्नेछ।
२. फर्म/कम्पनीसँग मूल्याकंन कार्य सम्पादनको लागि आवश्यक पूर्वाधार र सक्षम जनशक्ति हुनुपर्नेछ। इन्जिनियरहरुको हकमा नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता रहेको रजिष्ट्रेशन न. (NEC No.) समेत पेश गर्नु पर्नेछ।
३. फर्म/कम्पनी तथा आवद्ध शेयरहोल्डर, प्रोप्राइटर कर्जा सूचना केन्द्रको कालो सूचीमा नरहेको तथा प्रचलित कानूनको उल्लंघन नगरेको हुनु पर्नेछ।
४. आवेदन दिन इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुले काम गर्न चाहेको जिल्ला स्पष्ट रुपमा खुलाई पेश गर्नु पर्नेछ। सम्बन्धीत जिल्लामा दर्ता रही काम गरिरहेका फर्म/कम्पनीहरुलाई सोही जिल्लामा सुचिकृत गर्नाको लागि प्राथामिकता दिईनेछ।
५. सूचिकृत भएमा यस बैंकमा खाता खोली सम्पुर्ण कारोवर गर्नुपर्ने छ र रु ३ लाख बराबरको मुहदी खाता/नगद धरौटी वा (क वर्गको वाणिज्य बैंकले जारी गरेको) रु ३ लाख बराबरको बैंक जमानत पेश गर्नु पर्नेछ।
६. उल्लेखित समयावधी भित्र पेश भएको आवेदन स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपामा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।

नोट : मूल्याङ्कनकर्ताको सूचिमा समावेश हुनको लागि दिने आवेदन फाराम यस बैंकको website- www.nimb.com.np बाट Download गरि प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागी यस बैंकको कर्जा प्रशासन विभाग, ज्ञानेश्वर, काठमाण्डौ फो. न. ९७७-०१४५४५१५०/५१ Ext. No. ३२१ र २१४ मा सम्पर्क गर्न सकिनेछ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय, दरबारमार्ग, काठमाण्डौं
फोन नं:- ५३४२५३०, ५३२८२२९
फ्याक्स :- ५३२६३४९, ५३२८९२७

हिमालयन एभरेष्ट वाटर प्रा. लि. आयोजनाको
प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८२।०८।०२ गते)

कोशी प्रदेश, सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड नगरपालिकामा हिमालयन एभरेष्ट वाटर प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	हिमालयन एभरेष्ट वाटर प्रा. लि. सोलुदुधकुण्ड नगरपालिका-८ र ११, सोलुखुम्बु, नेपाल इमेल: waterhimalayaneverest@gmail.com फोनः ०१-५३५९८७४
प्रस्तावको व्यहोरा	ओखलढुंगा जिल्लाको सिद्धिचरण नगरपालिका वडा नं. १ मा वार्षिक १५,०००,००० वटा १००० ml का बोतलहरूमा र ८००,००० वटा २० लिटरका जारहरूमा प्रशोधित पिउने पानी उत्पादन गर्ने प्रस्ताव गरेको यद्यपी संचालनमा भने नआएको यस उद्योगले हाल सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिकाको वडा नम्बर ८ र ११ मा स्थानान्तरणका साथै आफ्नो पूर्व प्रस्तावित उत्पादनबाट २० लिटरका जारहरूको प्रशोधित पिउने पानी हटाई बार्षिक ८१,०००,००० वटा १००० ml का बोतलहरूमा र २४,०००,००० वटा ५०० ml का बोतलहरूमा प्रशोधित पिउने पानी उत्पादनमा थप गर्ने उद्देश्यले क्षमता अभिवृद्धि गरी संचालन गर्न लागिएको।
प्रभाव पर्नसक्ने जिल्ला न.पा./गा.पा.	कोशी प्रदेश, सोलुदुधकुण्ड नगरपालिका, वडा नं. ८ र ११
कित्ता नं.	१३२९, १२३८, ९८९, १३२४, १२३१, १२३२, १२३३, १२३०, १२३४, १२३५, १२३६, १२३७, १११११, १११२, १११०, १११३, १११६, १११७, १११८, १११९, १२४०, ११०५, ११०६, १२३९, ११०७, ११०८, ११०९, १११४, १११५

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगाना

सोलुदुधकुण्ड नगरपालिका, वडा नं. ८ र ११ को कार्यालय	
प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं	
प्रस्तावकको नाम र ठेगाना	हिमालयन एभरेष्ट वाटर प्रा.लि. सोलुदुधकुण्ड नगरपालिका-८ र ११, सोलुखुम्बु, नेपाल इमेलः waterhimalayaneverest@gmail.com फोनः ०१-५३५९८७४
परामर्शदाताको नाम र ठेगाना	एस.एम.एस. इन्भाएरोमेन्ट एण्ड इन्जिनियरिङ्ग प्रा.लि. महालक्ष्मी नगरपालिका-१, इमाडोल, ललितपुर, नेपाल इमेलः smseenepal@gmail.com फोनः ०१-५४३१११

काठमाडौंमै रुग्ण पारिएका सडकका २५ ठेक्का तोडियो

राजधानीकै सडक मर्मत र विस्तार नगरी अलपत्र पारिएपछि ठेक्का तोडिएको भन्दै कार्यालयको सूचना

नयाँ पत्रिका

मुलुकको संघीय राजधानी काठमाडौंमै वर्षौंदेखि रुग्ण अवस्थामा रहेका सडक आयोजनाका २५ ठेक्का तोडिएका छन्। सडक विभागको काठमाडौं डिभिजन कार्यालयले सोमबार काम नगरी रुग्ण पारिएका विभिन्न २५ ठेक्का तोडेको भन्दै सार्वजनिक सूचना निकालेको हो।

कार्यालयले गत ११ कात्तिकमा ठेक्का किन नतोड्ने भन्दै १५ दिने सूचना निकालेको थियो। त्यस क्रममा निर्माण कम्पनीहरूले पेस गरेको स्पष्टीकरण चित्तबुझ्दो नभएपछि ठेक्का तोडिएको विभागले सूचनामार्फत बताएको छ। निर्माण कम्पनीहरूले पेस गरेको जवाफ चित्तबुझ्दो नभएपछि २५ ठेक्का तोडिएको सडक विभागका प्रवक्ता श्याम खड्काले बताए।

सडक विभागले रुग्ण अवस्थामा भएकामध्ये दुई सय ३५ भन्दा बढी ठेक्का तोड्ने गरी सूचना निकालेको छ। त्यसमध्ये सोमबार काठमाडौंअन्तर्गतका २५ ठेक्का तोडिएको हो। 'प्रक्रियामा भएका अन्य ठेक्का पनि तोड्ने तयारी छ। निर्माण कम्पनीहरूले पेस गरेको स्पष्टीकरण मूल्यांकन गर्ने काम भइरहेको छ। त्यसमा चित्तबुझ्दो नभएका ठेक्का तोडिन्छ,' उनले भने, 'कतिपयले भने काम सुरु गरेका छन्।'

कुलमान घिसिङ मन्त्री बनेपछि उनले विभिन्न रुग्ण ठेक्का तोड्न खोजेका छन्। उनले अन्तरिम सरकारमा ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालय पाएपछि त्यसअन्तर्गतका ठेक्का तोड्न खोजेका छन्। यसअघि बबई सिँचाइ आयोजनाका ६ ठेक्का तोडिएका छन्। यसैगरी, धनुषाको सिँचाइ तथा जलस्रोत व्यवस्थापनका आयोजनाअन्तर्गतका १२ ठेक्काको सम्झौता पनि तोडिएको छ।

तोकिएको समयमा काम नगरी आयोजना अलपत्र पार्ने ठेकेदार कम्पनीहरू त्रिवेणी कन्स्ट्रक्सन, जागृत निर्माण सेवा, सूर्यजीवन कन्स्ट्रक्सन, जयमाता दुर्गा, गौरी पार्वती-देशप्रेम जेभी, उग्रवज निर्माण सेवा, सम्झना निर्माण सेवा र राजधानी कन्स्ट्रक्सनसँगको ठेक्का सम्झौता तोडिएको हो।

त्यस्तै, लोकवीर-ओमनीलकण्ठेश्वर-शान्ति जेभी, युविना कन्स्ट्रक्सन एन्ड सप्लायर्स, ओम महासरस्वती कन्स्ट्रक्सन, गोरखा एग्रोप्रिएट टेक्नोलोजी फर रि-कन्स्ट्रक्सन प्रालि, के एन्ड जे कन्स्ट्रक्सन, आरबी-रोबी-स्लेट जेभी र कागेश्वरी निर्माण सेवासँग गरिएको ठेक्का सम्झौता पनि तोडिएको छ। साथै, महाकाली भीमसेन निर्माण सेवा, ओमकार बिल्डर्स, पन्थ कन्स्ट्रक्सन, बिएन्डडी र जालपा निर्माण सेवा एन्ड सप्लायर्स र बेबो इन्जिनियरिङ ग्रुपले पनि समयमै काम नगरेपछि कार्यालयले ठेक्का तोडेको हो।

नेपाल बैंक ८९औँ वर्षमा

दीर्घसेवा गर्ने कमचारीहरू पुरस्कृत



काठमाडौं/ नेपाल बैंक लिमिटेडले स्थापनाको ८९औँ वर्षमा प्रवेश गरेको छ। विसं १९९४ कात्तिक ३० मा स्थापना भएको बैंकले सेवाको ८८औँ वर्ष पूरा गरी ८९औँ वर्षमा प्रवेश गरेको हो। सो अवसरमा बैंकको प्रधान कार्यालयमा वार्षिकोत्सव कार्यक्रम आयोजना गरिएको छ। समारोहका अध्यक्षता सञ्चालक समितिका अध्यक्ष प्राडा डिल्लीराज शर्माले गरेका थिए।

यसै क्रममा बैंकमा २५ वर्ष अटुट सेवा गर्ने तीनजना र २० वर्ष सेवा गर्ने ५३ जना कर्मचारीलाई पदक तथा प्रशंसापत्रसहित सम्मान गरिएको बैंकले जनाएको छ।

त्यसैगरी, बैंकको सुरक्षा बलियो पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने झापाको गौरादह र काठमाडौंको नयाँ बानेश्वर शाखाका सुरक्षाकर्मीलाई पुरस्कृत गरिएको छ। सोही कार्यक्रममा प्रादेशिक तथा भौगोलिक वर्गमा उत्कृष्ट उपलब्धि हासिल गरेका १२ शाखालाई समेत पुरस्कृत गरिएको छ।

सिजी डिजिटलको सोरुम बुटवलमा



काठमाडौं/ इलेक्ट्रोनिक्स कम्पनी सिजीले आफ्नै इलेक्ट्रोनिक्स ब्रान्डको सोरुम बुटवलमा सञ्चालनमा ल्याएको छ। कम्पनीको उक्त सोरुम आदर्शनगर, पाल्पा रोड, ट्राफिक चोकमा २९ कात्तिकदेखि सञ्चालनमा आएको छ। योसँगै कम्पनीको सोरुमको संख्या २१ पुगेको छ। ग्राहकले यो स्टोरमार्फत एलजी, सिजी, मेडिया, गोदरेज, क्रम्पटन, बेको, सेन्सेई, टिसिएल, बर्ली, केन्ट, ब्ल्याक प्लस डेकर, मोटोरोला र नथिङजस्ता राष्ट्रिय-अन्तर्राष्ट्रिय ब्रान्डका सामान खरिद गर्न सक्नेछन्। होम तथा किचन एप्लायन्स, स्मार्ट टेलिभिजन, मोबाइल, ग्याजेट, उपकरण र प्रिमियम कन्जुमर इलेक्ट्रोनिक्सका उत्पादन एकै छानामुनि पाउन सक्नेछन्।

कम्पनीका अनुसार बुटवल-लुम्बिनी प्रदेशमा बढ्दो ग्राहक माग, गुणस्तरीय सेवा आवश्यकता र आधुनिक जीवनशैलीलाई ध्यानमा राख्दै यो सोरुम सञ्चालनमा ल्याइएको हो। कम्पनीले आगामी दिनमा ग्राहक अनुभवलाई अझ सुदृढ गर्ने, डिजिटल पहुँचलाई देशका प्रमुख सहरी तथा उपसहरी बजारमा विस्तार गर्ने र अन्तर्राष्ट्रियस्तरको ब्रान्ड पोर्टफोलियोसहित आधुनिक रिटेल अनुभवलाई मजबुत बनाउने प्रतिबद्धतासमेत व्यक्त गरेको छ।

सुदूरपश्चिमका स्वास्थ्यचौकीलाई ज्योति विकासको बेबी वार्मर मेसिन



काठमाडौं/ ज्योति विकास बैंकले सुदूरपश्चिमका तीन जिल्लामा रहेका विभिन्न स्वास्थ्यचौकीलाई बेबी वार्मर उपकरण सहयोग गरेको छ। बैंकले नवजात शिशुको शारीरिक तापक्रमलाई सन्तुलनमा राख्न र हाइपोथर्मिया (अल्पताप) को जोखिमबाट जोगाउन आवश्यक बेबी वार्मर (न्यानो नानी) मेसिन प्रदान गरेको जनाएको छ। सुरक्षित प्रसूति सेवाको पहुँच दुर्गम क्षेत्रमा पनि पुऱ्याउनका लागि बैंकले आफ्ना शाखा नभएका स्थानमा पनि बेबी वार्मर प्रदान गर्दै आइरहेको छ।

यसै क्रममा बैंकले बझाङका मस्टा गाउँपालिका- २ स्थित मस्टा स्वास्थ्यचौकी र खप्तडछान्ना गाउँपालिका- ५ स्थित कालुखेती स्वास्थ्यचौकीमा बेबी वार्मर जडान गरिएको जनाएको छ। साथै, बाजुराको त्रिवेणी नगरपालिका वडा नं ३ स्थित पुर्भुता आधारभूत स्वास्थ्य सेवा केन्द्र र अछामको रामारोशन गाउँपालिका- ६ स्थित भाटाकाटियाँ स्वास्थ्यचौकीलाई बेबी वार्मर प्रदान गरिएको बैंकले जनाएको छ। साथै, अस्पतालका डाक्टर, नर्सलगायत सम्बन्धित कर्मचारीलाई विज्ञमार्फत बेबी वार्मर सञ्चालनसम्बन्धी विशेष तालिम पनि प्रदान गरिएको थियो।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स्थापित 'हाम्रो विकास प्रवर्द्धन कोष'मार्फत यी तीनसहित हालसम्म देशभर ६२ वटा बेबी वार्मर मेसिन प्रदान गरिसकेको छ। ग्रामीण क्षेत्रमा हाइपोथर्मियाको दर उच्च रहेको र यसका कारण नवजात शिशुको जीवन जोखिममा पर्ने भएकाले त्यसबाट बच्नका लागि बैंकले उक्त मेसिन प्रदान गर्दै आएको छ। बैंकले एक सय १८ वटा शाखाबाट वित्तीय सेवा दिँदै आएको छ।

मोटरसाइकल हरायो

मिति २०८२/०७/२८ गते अन्दाजी बेलुका ७:०० बजेको समयमा बालाजु-१६, माछापोखरी, काठमाडौं स्थित मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : सन्जिब तामाङ
मो.सा.नं.: बा.प्र.०२-०५४ प १७६६
चेसिस नं.: MD2A13EX1RE82415
इन्जिन नं.: DKXCRE32944
सम्पर्क न.: 9845445044

लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०८/०२

जिल्ला वन पैदावार आपूर्ति समिति, तनहूँबाट सा. व. उ. स. मा फिर्ता भएको साल चिरान काठ ११४.८८ क्यू फिट लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

देवीथुम्का सा. वन उपभोक्ता समूह, वन्दिपुर ३, तनहूँ।

भुल-सुधार

मिति २०८१/०८/०१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा १७औं वार्षिक साधारण सभा बस्ने बारेको सूचनामा तपसिल बमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल-सुधार गरिएको छ।

मिति २०८१ कार्तिक २८ गते शुक्रबार दिउँसो १ बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार।

बुद्ध भूमि नेपाल हाईड्रोपावर कम्पनी लि.
मुख्य कार्यलय पानीपोखरी, काठमाडौं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, काठमाडौं

पत्रकार दुर्घटना बीमा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०८/०२)

यस विभागको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पत्रकार दुर्घटना बीमा गर्ने प्रयोजनको लागि इच्छुक सञ्चार प्रतिष्ठानमा कार्यरत तथा स्वतन्त्र पत्रकारहरूबाट सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र तोकिएको शर्तहरूको अधिनमा रही रितपूर्वक निवेदन आव्हान गरिन्छ। विस्तृत सूचना www.doib.gov.np मा हेर्न सकिनेछ। साथै आवेदन फाराम www.doib.gov.np बाट डाउनलोड गरी विवरण भरी doibinsurance@gmail.com मा पठाउनु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

ग्रिनेदीको आइपिओ बिक्री प्रबन्धकमा प्रभु क्यापिटल

काठमाडौं/ ग्रिनेदी इनर्जी लिमिटेडले जारी पुँजीको ३० प्रतिशत साधारण सेयर (आइपिओ) निष्कासन गर्नका लागि प्रभु क्यापिटललाई बिक्री प्रबन्धक नियुक्त गरेको छ। यससम्बन्धी सम्झौतामा दुवै पक्षले हस्ताक्षर गरेका छन्। जसमा ग्रिनेदी इनर्जीका अध्यक्ष युरेशमान कायस्थ तथा प्रभु क्यापिटलका प्रबन्ध सञ्चालक आशिष गौचनले हस्ताक्षर गरे।

शिव श्री हाइड्रोपावर लिमिटेड
Shiva Shree Hydropower Limited
रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा न. १०, बुद्धनगर, काठमाण्डौं
फोन : ०१–४७९६३४६, इमेलः info@shivashreehydro.com.np, वेवसाइटः www. shivashreehydro.com.np
को

बोलकबोल (गोप्य शिल्ड टेन्डर) खोलिने बारे सूचना

शिव श्री हाइड्रोपावर लिमिटेडको १:१ अनुपातको हकप्रद शेयरको लागि मिति २०८२/०५/१९ देखि २०८२/०६/२३ गतेसम्म निष्काशन तथा बिक्री गरी आवेदन माग गरिएकोमा **सर्वसाधारण समूहतर्फको ८,६५,८४५ कित्ताको** लागि आवेदन नपरेकाले प्रचलित नियमानुसार उक्त शेयरहरु लिलाम बढाबढको प्रकृयाद्वारा बिक्री गर्न मिति २०८२/०७/२० गतेदेखि मिति २०८२/०७/२७ गतेसम्म आवेदन माग गरिएकोमा सो अवधिभित्र प्राप्त भएका बोलपत्रहरु देहाय बमोजिमको मिति, समय र स्थानमा खोलिने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

बोलपत्र खोल्ने मिति, समय र स्थान:
मितिः २०८२/०८/०३ गते, बुधबार
समयः बिहान ०९:०० बजे
स्थानः सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
सिटिजन्स क्यापिटल लिमिटेड
बाटुलेघर, डिल्लीबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७५५७
इमेलः info@citizenscapital.com.np, वेभसाइटः www.citizenscapital.com.np
Citizens Capital Ltd. (A Subsidiary Of Citizens Bank International Limited)

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

चालु अवस्थामा रहेको सवारी साधन बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८२/०८/०२

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमका सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्नलिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०८२/०८/०८ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ।

क्र.स.	सवारीको नाम	बनेको साल	दर्ता. नं.	सवारी रहेको स्थान
१.	Maruti Baleno Delta	२०१८	बा २० च १९७३	थापाथली शाखा कार्यालय, काठमाडौं
२.	Maruti Baleno Delta	२०१८	बा १९ च ६७१६	
३.	Maruti Baleno Delta	२०१८	बा १९ च ६७१३	मैतिदेवी शाखा कार्यालय, काठमाडौं

शर्तहरु :

१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट निःशुल्क प्राप्त गर्न सकिनेछ।
२. बोलपत्रसाथ बोलपत्रदाताले जमानत वापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
३. बोलपत्रमा बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।
५. यस सम्बन्धी विस्तृत जानकारीको लागी बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।
६. प्रस्तावित बोलपत्र मिति २०८२/०८/०९ गते बैंकको नारायणहिटी पथ, केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ।
७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनः नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ।

Citizens Bank
सामान्य सेवा विभाग
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः gsd@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL
www.ctznbank.com

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
केन्द्रीय कार्यालयः
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०८/०२

तपसिलमा उल्लिखित तपाईं ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अन्तर्गत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दे-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईं तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको **मितिले ३५ (पैतिस) दिनभित्र** यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ। अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा/सवारी साधन) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईंहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईंहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण	धितो/धनजमानीकर्ताहरुको विवरण
१. डि.एस. पशु तथा कृषि फर्म **दर्ता नं. :**९३०९/५८७२०७१/२०७२ ठेगाना : हाडिखोला -०६ मकवानपुर दर्ता गर्ने कार्यालयः : घरेलु तथा साना उद्योग कार्यालय, हेटौडा, मकवानपुर स्थायी लेखा नं. : ६०३२२२५९७ **प्रोप्राईटर/धनजमानीकर्ता : सन्तोष तिवारी** **ना.प्र.नं. : ५१/३३७९३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर बाबु : विष्णु प्रसाद तिवारी बाजे : भिमलाल तिवारी ठेगाना : मकवानपुर जिल्ला हाडिखोला गा.वि.स. वडा नं.०६, हालः मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ०३ **शाखा कार्यालय : हेटौंडा** **कर्जा शीर्षक : साना व्यापार कर्जा (आवधिक)**	**दुर्गा माया तिवारी** **ना.प्र.नं.:** ३४५६ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर पति : विष्णु प्रसाद तिवारी ससुरा : भिमलाल तिवारी ठेगानाः मकवानपुर जिल्ला हाडिखोला गाउँ पञ्चायत वडा नं.०६, हालः मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ०३ **निर्दोष तिवारी** ना.प्र.नं.: ३१-०१-७२-०१२२९ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय मकवानपुर बाबु : विष्णु प्रसाद तिवारी बाजे : भिमलाल तिवारी ठेगाना : मकवानपुर जिल्ला हाडिखोला गा.वि.स. वडा नं.०६, हालः मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ०३ **नन्द कुमारी तिमल्सिना** **ना.प्र.नं. :** ३३२०११/३१२७० जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा पति : सन्तोष तिवारी ससुरा : विष्णु प्रसाद तिवारी ठेगाना : बारा जिल्ला निजगढ गा.वि.स./उ.म.न.पा. वडा नं ०५, हालः मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ०३
२. जनरल ग्यास चुलो पसल **दर्ता नं. :**१५०र०७७/०७८ ठेगाना : बिदुर न.पा.वडा नं.०६ नुवाकोट दर्ता गर्ने कार्यालयः : विदुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, विदुर,नुवाकोट स्थायी लेखा नं. :६१५७७२७९२ **प्रोप्राईटर/धनजमानीकर्ताः गीता सडौला** **ना.प्र.नं. :** ६९११६ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नुवाकोट पति : रबिन थपलिया ससुरा : बद्री थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा.वडा नं ०६ हाल : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ **शाखा कार्यालय : गल्छी** **कर्जा शीर्षक : सहुलियत व्याजदर कर्जा (आवधिक)**	**तेज कुमारी थपलिया** **ना.प्र.नं.:** ४९१ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट पति : बद्री थपलिया ससुरा : हेम बहादुर थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ **रबिन थपलिया** **ना.प्र.नं.:** ८७०७१ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट बाबु : बद्री थपलिया बाजे : हेम बहादुर थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर गा.वि.स. वडा नं ०६ हाल : नुवाकोट जिल्ला विदुर न.पा.वडा नं ०६
३. आर.बि. सप्लायर्स **दर्ता नं. :**४३६३ र०७६/०७७ ठेगाना : गल्छी गा.पा. वडा नं.०७ धाडिङ दर्ता गर्ने कार्यालयः : घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, धादिङबेसी, धादिङ स्थायी लेखा नं. : ६११५८२३७९ **प्रोप्राईटर/धनजमानीकर्ताः रबिन थपलिया** **ना.प्र.नं.:** ८७०७१ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नुवाकोट बाबु : बद्री थपलिया बाजे : हेम बहादुर थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर गा.वि.स. वडा नं ०६ हाल : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ **शाखा कार्यालय : गल्छी** **कर्जा शीर्षक : सरल व्यापार कर्जा (अधिविकर्ष)** धनजमानीकर्ताहरुको विवरण **तेज कुमारी थपलिया** **ना.प्र.नं.:** ४९१ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नुवाकोट पति : बद्री थपलिया ससुरा : हेम बहादुर थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६	**मधुसुदन थपलिया** **ना.प्र.नं.:** ८७०७२/५५११ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट बाबु : बद्री थपलिया बाजे : हेम बहादुर थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६, हाल : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ **पुष्पान्जली पाण्डे** **ना.प्र.नं.:** ८८१९० जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट पति : मधुसुदन थपलिया ससुरा : बद्री थपलिया ठेगाना : नुवाकोट जिल्ला गोर्खु गा.वि.स. वडा नं ०३ हाल : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ **गीता सडौला** **ना.प्र.नं. :** ६९११६ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट। पति : रबिन थपलिया ससुरा : बद्री थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ हाल : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ **सबित्री थपलिया** **ना.प्र.नं.:** २५३००१/५८३ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट पति : राज कुमार थपलिया ससुरा : बद्री थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर गा.वि.स./उ.म.न.पा. वडा नं ०६, हाल : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६
४. रबिन थपलिया **ना.प्र.नं.:** ८७०७१ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट बाबु : बद्री थपलिया बाजे : हेम बहादुर थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर गा.वि.स. वडा नं ०६ हाल : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ **शाखा कार्यालय : गल्छी** **कर्जा शीर्षक : सरल अधिविकर्ष कर्जा** धनजमानीकर्ताहरुको विवरण **गीता सडौला** **ना.प्र.नं. :** ६९११६ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नुवाकोट पति : रबिन थपलिया ससुरा : बद्री थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ हाल : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ **पुष्पान्जली पाण्डे** **ना.प्र.नं.:** ८८१९० जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट पति : मधुसुदन थपलिया ससुरा : बद्री थपलिया ठेगाना : नुवाकोट जिल्ला गोर्खु गा.वि.स. वडा नं ०३ हाल : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६	**तेज कुमारी थपलिया** **ना.प्र.नं.:** ४९१ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट पति : बद्री थपलिया ससुरा : हेम बहादुर थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ **सबित्री थपलिया** **ना.प्र.नं.:** २५३००१/५८३ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट पति : राज कुमार थपलिया ससुरा : बद्री थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर गा.वि.स./उ.म.न.पा. वडा नं ०६ हाल : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ **मधुसुदन थपलिया** **ना.प्र.नं.:** ८७०७२/५५११ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नुवाकोट बाबु : बद्री थपलिया बाजे : हेम बहादुर थपलिया ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६ हाल : नुवाकोट जिल्ला विदुर न.पा. वडा नं ०६
५. क्षेत्री खर्क कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. **दर्ता नं. :** २२४९९७र०७६/०७७ ठेगाना : पाल्पा जिल्ला निस्दी गा.पा.वडा नं.०७ दर्ता गर्ने कार्यालयः : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ स्थायी लेखा नं. : ६०९६२९६७५ **अख्तियार प्राप्त ब्यक्ति/धनजमानीकर्ता : गगन सिं सोती** **ना.प्र.नं.:** ४१२५३ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पाल्पा बाबु : खेम बहादुर सोती बाजे : आईतराम सोती ठेगानाः पाल्पा जिल्ला ज्यामिरे उ.म.न.पा./गा.वि.स. वडा नं ०७, हालः पाल्पा जिल्ला निस्दी गा.पा. वडा नं ०७ **शाखा कार्यालय : सर्दी** **कर्जा शीर्षक : सवारी कर्जा**	**भुमी सरा सोती** **ना.प्र.नं.:** ७२३५८ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पाल्पा पति : गगन सिं सोती ससुरा : खेम बहादुर सोती ठेगाना : पाल्पा जिल्ला ज्यामिरे गा.वि.स. वडा नं ०७ हालः पाल्पा जिल्ला निस्दी गा.पा. वडा नं ०७ **दान रुपा सोती** **ना.प्र.नं.:** ८६९ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पाल्पा पति : खेम बहादुर सोती ससुरा : आईतराम सोती ठेगाना : पाल्पा जिल्ला ज्यामिरे नगर/गाउँ पञ्चायत वडा नं ०७ हाल : पाल्पा जिल्ला निस्दी गा.पा. वडा नं ०७
६. पित्रुङ्ग साङपाङ्ग राई एकिकृत कृषि तथा पशुपंक्षी फार्म प्रा.लि. **दर्ता नं.:** २३८३६६/०७७/०७८ ठेगानाः सुनसरी जिल्ला वराहक्षेत्र न.पा.वडा नं. ०५, सिमरवन दर्ता गर्ने कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं स्थायी लेखा नं.: ६०९७६१२७४ **अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ता : प्रतिभा राई** **ना.प्र.नं.:** ०९१०३०/५९ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,भोजपुर पति : देवान राई ससुरा : चन्द्र बहादुर राई ठेगाना : भोजपुर जिल्ला नागी गा.वि.स/उ.म.न.पा.वडा नं. ०४, हाल सुनसरी जिल्ला वराहक्षेत्र न.पा.वडा नं. ०५ **शाखा कार्यालय : धरान** **कर्जा शीर्षक : साना व्यापार कर्जा (आवधिक)**	**देवान राई** **ना.प्र.नं.:** ३३८६/१८७७८ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, भोजपुर बाबु : चन्द्र बहादुर राई बाजे : चामहर्क राई ठेगाना : भोजपुर जिल्ला कोट गा.वि.स.वडा नं. ०६, हाल सुनसरी जिल्ला वराहक्षेत्र न.पा.वडा नं. ०५
७. राजु बोहोरा **ना.प्र.नं.: ५११०२०-९९ /पर्वत** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, वागलुङ बाबु : बल बहादुर नेपाली बाजे : गोरे ठेगाना : वागलुङ जिल्ला, वागलुङ न.पा. वडा नं २ **शाखा कार्यालय : वागलुङ** **कर्जा शीर्षक : व्यक्तिगत इक्विटी कर्जा।**	**बिष्णु बोहोरा** **ना.प्र.नं.:** ४८६०१ **(पर्वत)** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, वागलुङ पति : राजु बोहोरा ससुरा : बल बहादुर नेपाली ठेगाना : वागलुङ जिल्ला, वागलुङ न.पा. वडा नं २
८. बिष्णु पोल्ट्री फर्म **दर्ता नं. :** बि ३/५८९ ठेगाना : बागलुङ जिल्ला बागलुङ न.पा. वडा नं. ०२ दर्ता गर्ने कार्यालय : बागलुङ न.पा., नगर कार्यपालिकाको कार्यालय, बागलुङ स्थायी लेखा नं.: ६१७६०५०७६ **प्रोप्राईटर/धनजमानीकर्ता : बिष्णु बोहोरा** **ना.प्र.नं.:** ४८६०१ (**पर्वत**) जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, वागलुङ पति : राजु बोहोरा ससुरा : बल बहादुर नेपाली ठेगाना : वागलुङ जिल्ला, वागलुङ न.पा. वडा नं २ **शाखा कार्यालय : बागलुङ** **कर्जा शीर्षक : सजिलो व्यवसाय कर्जा (आवधिक)।**	**राजु बोहोरा** **ना.प्र.नं.: ५११०२०-९९/ पर्वत** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, वागलुङ बाबु : बल बहादुर नेपाली बाजे : गोरे ठेगाना : वागलुङ जिल्ला, वागलुङ न.पा. वडा नं २ **लिला कुमारी सार्की** **ना.प्र.नं.** २८४९ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्वत पति : बल बहादुर नेपाली ससुरा : गोरे ठेगाना : पर्वत जिल्ला, देविस्थान गा.वि.स. वडा नं ०२, हाल वागलुङ जिल्ला वागलुङ न.पा. वडा नं २
९. सेवन्ती कुमारी थापा **ना.प्र.नं.:** १३ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, चितवन पति : बल बहादुर थापा ससुरा : केहर सिं ठेगाना : चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स. वडा नं ०१,हाल राप्ती न.पा.वडा नं. ०७ **शाखा कार्यालय : खुरखुरे** **कर्जा शीर्षकः सरल कर्जा र व्यक्तिगत इक्विटी कर्जा समेत**	**सिता थापा** **ना.प्र.नं.:** २३६८५ जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, तनहुँ बाबु : बल बहादुर थापा बाजे : केहर सिं ठेगाना : तनहुँ जिल्ला भगवतीपुर गा.वि.स. वडा नं. ०४, हालः चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं. ११ **विमला थापा** **ना.प्र.नं.:** १०३/०४४ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन। बाबु : बल बहादुर थापा बाजे : केहर सिं ठेगाना : चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स. वडा नं ०१, हाल राप्ती न.पा.वडा नं. ०७

नोट : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ। अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ।



काठमाडौंको सानदार जित

रमेश सुवेदी/नयाँ पत्रिका

काठमाडौं गोर्खाजले दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)को सोमबार उद्घाटन खेलमा साबिक विजेता जनकपुर बोल्टसमाथि पाँच विकेटको जित निकालेको छ। जनकपुरले पहिले ब्याटिङ गरी २० ओभरमा ६ विकेटको नोक्सानीमा १ सय ३० रनको मध्यम योगफल बनाएको थियो। प्रत्युत्तरमा काठमाडौंले १८ ओभरमा पाँच विकेटको क्षतिमा १ सय ३१ रन बनाएको थियो। जितसँगै काठमाडौंले पहिलो संस्करणमा जनकपुरसँग पहिलो चरणमा हारको बदला लिएको छ। गत वर्ष काठमाडौंमाथि जनकपुरले पाँचै विकेटको जित निकालेको थियो।

काठमाडौंको जितमा आकाश त्रिपाठी र वेन चार्ल्सवर्थले पहिलो विकेटका लागि ८.१ ओभरमा ७० रनको उत्कृष्ट साझेदारी गर्दै जितको आधार बनाएका थिए। वेनले २३ बलमा तीन छक्का र पाँच चौका प्रहार गरी ४६ रनको योगदान दिए। उनी अर्धशतक बनाउन चार रनले चुके। सुस्त गतिमा ब्याटिङ गरे पनि वेनलाई गतिलो साथ दिएका आकाशले ४५ बलमा ५ चौका प्रहार गरी ३९ रन बटुले। मध्यक्रममा मिलिन्द कुमारले २२ बलमा १९ रन तथा इंग्लिस खेलाडी जोन सिम्पसनले ६ बलमा समान एक चौका र छक्का प्रहार गरी १३ रन बटुले।

जनकपुरका लागि बलिङमा किशोर महतो, अनिल शाह, ललितनारायण राजवंशी, जान निकोल तथा सञ्जयले समान एक विकेट हात पारेका थिए। यसअघि ब्याटिङ गरेको जनकपुरले गतिलो ब्याटिङ प्रदर्शन गर्न सकेन। ओपनर आसिफ सेखले ४१ बलमा ६ चौका र एक छक्का प्रहार गरी सर्वाधिक ५४ रनको योगदान दिए। मध्यक्रममा काठमाडौंका स्पिनरले तीन विकेट लिँदा जनकपुरको ब्याटिङ कमजोर बन्यो। अन्तिममा मायंक यादव र लाहिरू समराकुनले छैटौं विकेटका लागि ४८ रन जोड्दै जनकपुरलाई मध्यम योगफलसम्म पुऱ्याए। मायंकले २९ बलमा ३४ रन तथा लाहिरूले २१ बलमा २२ रन जोडे।

यसअघि प्रधानमन्त्री सुशीला कार्कीले सोमबार बहुप्रतिक्षित दोस्रो संस्करणको एनपिएलको उद्घाटन गरेकी छिन्। प्रधानमन्त्री कार्कीले प्रतियोगिता उद्घाटन गर्ने भएपछि त्रिवि क्रिकेट रंगशालामा सुरक्षाकर्मी बाक्लो बनाइएको थियो।

आजका खेल

चितवन राइनोज	बिहान ११:४५ बजे	कर्णाली याक्स
विराटनगर किंग्स	दिउँसो ४ बजे	पोखरा एभेन्जर्स



जनकपुरको विकेट लिएपछि काठमाडौंका खेलाडी खुसी मनाउँदै। तस्बिरः **अमुल थापा**/नयाँ पत्रिका

मिलिन्दको अलराउन्ड प्रदर्शन

काठमाडौंका लागि मिलिन्दले ब्याटिङपछि बलिङ पनि उत्कृष्ट प्रदर्शन गरेका थिए। स्पिनर मिलिन्दले १५ रन खर्चेर सर्वाधिक तीन विकेट हात पारे। अलराउन्डर मिलिन्दले हालै युएईमा भएको आइसिसी विश्वकप लिग २ मा अमेरिकाबाट उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले सिरिजमा सुरुवातका तीन खेलमा अर्धशतकीय इनिङ्स खेलेका थिए। युएईविरुद्धको अन्तिम खेलमा उनले शतकीय इनिङ्स खेले। यद्यपि, सो सिरिजमा उनको बलिङ फितलो रह्यो। तर, त्रिवि क्रिकेट रंगशालामा मिलिन्दले उत्कृष्ट प्रदर्शन गरी काठमाडौंलाई जित दिलाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरे।

बलिङ र ब्याटिङमा राम्रो भयो

● **करण केसी**, कप्तान, काठमाडौं गोर्खाज



त्रिवि क्रिकेट मैदानमा फ्लड लाइटबिच खेल्न अवसर पाउँदा भावुक भएँ। हामीहरूले देखेको सपना एनपिएलमा पूरा भयो। जनकपुरविरुद्ध योजनाअनुरूप नै प्रदर्शन भयो। बलिङका क्रममा स्पिनरहरूले उत्कृष्ट प्रदर्शन गरेका थिए। त्यसपछि लक्ष्य पछ्याउँदा ओपनिङ जोडीले जितको आधार बनाए। बल टर्निङ भइरहँदा मिलिन्दले त्यहीअनुसार आफ्नो क्षमता देखाउँदा जनकपुरलाई मध्यम योगफलमा रोक्न सफल भयौं। समग्रमा बलिङ र ब्याटिङमा उत्कृष्ट खेल्यौं।

हामी साझेदारीमा चुक्यौं

● **अनिल शाह**, कप्तान, जनकपुर बोल्ट्स



पहिलोपटक फ्लडलाइटमा खेल्नु सबैको सपना थियो। हामी ब्याटिङमा चुक्यौं। आसिफ शेखलाई अर्को इन्डबाट राम्रो साथ दिने कोही भएनन्। विशेष हामीले राम्रो साझेदारी गर्न सकेनौं। यसमै कमजोर रह्यो। यो पिचमा एक सय ३० रन निकै कम योगफल हो। दोस्रो इनिङ्समा काठमाडौंले राम्रो गऱ्यो। स्पिनरलाई सहयोग गरिरहेको थियो। हामी उपाधि रक्षा गर्न आएका छौं। अझै समय छ, जहाँ चुकेका छौं, त्यहाँ धेरै काम गर्न बाँकी छ।

म्याच प्रिभ्यु

विदेशी खेलाडीमा निर्भर विराटनगर

गत वर्षको नतिजा

विराटनगर १३९/७, पोखरा १३९/६
सुपर ओभरमा पोखरा विजयी

दोस्रो एनपिएलमा उत्कृष्ट नतिजा निकाल्ने योजनाका साथ विराटनगरले किंग्सले अक्सनदेखि विदेशी खेलाडीसम्म राम्रो लगानी गरेको छ। नेपाली राष्ट्रिय टोलीका लेग स्पिनर सन्दीप लामिछानेको कप्तानीमा रहेको विराटनगरले ब्याटिङ लाइनअप बलियो बनाएको छ। गत सिजन पुछारमा रहेको पोखरा एभेन्जर्सविरुद्ध विराटनगरले ब्याटिङमा दबाब राख्ने सम्भावना छ। दक्षिण अफ्रिकी टोलीको नेतृत्व गरिसकेका विश्व चर्चित ब्याट्सम्यान फाफ डु प्लेसिस, दक्षिण अफ्रिकाकै माचन्ट डे लागे, जर्ज मुन्सी र साम हेजल्ट जस्ता खेलाडी रहँदा विराटनगर यसपटक सहभागी फ्रेन्चाइज टोलीमध्ये सर्वाधिक बलियो देखिन्छ।



● माचन्ट डे लागे

पोखराले योपटक अन्तिम समयमा मात्र विदेशी खेलाडीलाई भित्र्याएको थियो। पोखरामा विदेशीभन्दा पनि स्वदेशी नै खेलाडीमाथि निर्भर रहेको देखिन्छ। नेपाली राष्ट्रिय टोलीका ओपनर कुशल भुर्तेलको कप्तानीमा रहेको पोखराले अलराउन्डर रायमोन रेफेर तथा विकेट किपर एडम रोसिन्टनबाट आशा गरेको छ। पोखरामा घरेलु प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका युवा खेलाडीको बाहुल्य छ। गत सिजनमा यी टोलीबिच एकपटक मात्र प्रतिस्पर्धा भएको थियो। सुपरओभर पोखराले विराटनगमाथि सनसनी जित निकालेको थियो।

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
काठमाडौं	१	१	०	२	०.७७
जनकपुर	१	०	१	०	-०.७७

कर्णालीको आत्मविश्वास

गत वर्षको नतिजा

चितवन १३०/७, कर्णाली १३२/४
कर्णाली ६ विकेटले विजयी
कर्णाली १७५/६, चितवन १५४/९
पहिलो इलिमिनेटरमा
कर्णाली २१ रनले विजयी

पहिलो सिनजमा कर्णालीले दुईपटक नै चितवनमाथि जित निकालेको थियो। लिग चरण तथा प्ले अफ खेलमा कर्णाली चितवनमाथि हाबी रह्यो। यसपटक चितवन ब्याटिङ अलराउन्डरले भरिएको टोली हो।

इंग्ल्यान्डका रवि बोपारा र सैइ जैब ब्याटिङ अलराउन्डरमा रहँदा नेपाली टोलीका मध्यक्रम ब्याट्सम्यान कुशल मल्ल पनि ब्याटिङ अलराउन्डर भूमिका रहँदा पोखराले कर्णालीको बलिङ सहजै तहसनहस बनाउन सक्ने क्षमता राख्छ। फेरि कर्णालीलाई गत वर्ष दुईपटक हारेको बदला लिनु पनि छ। कर्णालीमा घरेलु अनुभवी खेलाडी छन्। राष्ट्रिय टोलीमा निरन्तर उत्कृष्ट प्रदर्शन गरिरहेका गुल्सन झा, नन्दन यादव र फास्टबलर सोमपाल कामी रहेका छन्। विदेशी खेलाडीमा म्याक्स ओ र मार्क वाटले पोखराको बलियो बलिङमाथि चुनौती दिन सक्छन्। कर्णालीले दोस्रो सिजनको एनपिएलमा चिनवनमाथि जितको जिंक निरन्तरता दिने प्रयासमा छ।



● सोमपाल कामी



प्लेयर्स टु वाच

सोहेल तनभिर (चितवन)

कर्णालीविरुद्धको प्रतिस्पर्धामा पाकिस्तानका फास्टबलर तनभिर निर्णायक बन्न सक्छन्। बायाँ बलर तनभिरले पिचको दुवैतर्फ बल उत्कृष्ट ढंगले स्विङ गर्न सक्छन्। जसका कारण कर्णालीका ब्याट्सम्यान दबाबमा पर्ने सम्भावना औधि छ। गत सिजनमा सुरुवाती खेलमै उत्कृष्ट प्रदर्शन गरेका तनभिरले फर्ममा छन्। गत सिजनमा उनी सर्वाधिक विकेट लिने बलरको तेस्रो स्थानमा रहेका थिए। कुल आठ खेल खेलेका उनले १४ विकेट हात पारेका थिए। तनभिरको इकोनोमी असाध्यै राम्रो रह्यो। उनले आठ खेलमा ५.७४ को इकोनोमीमा बलिङ गरेका थिए। डे नाइटमा खेल भइरहँदा चितवनलाई उनको अनुभव काम लाग्न सक्छ।



विलियम बोसिस्टो (कर्णाली)

अस्ट्रेलियाली यू-१९ राष्ट्रिय टोलीका विलियमको खुबी सटिक स्ट्रोक लगाउनु हो। लगातार दोस्रोपटक कर्णालीमा आबद्ध भएका विलियमको योपटकको योजना बढीभन्दा बढी रन बटुली कर्णालीलाई अगाडि लैजाउनु हो। पहिलो सिजनमा कर्णाली तेस्रो स्थानमा रहँदा ब्याटिङतर्फ उनले सात खेलमा एक सय ९४ रनको योगदान दिएका थिए। ब्याटिङ र बलिङ एकनासले गर्न सक्ने खुबी भएका उनी कर्णालीका लागि प्रभावशाली खेलाडी बन्न सक्छन्। उनले अस्ट्रेलियाको पहिलो श्रेणीमा एक हजार १०४ रन तथा यसै विधामा उनले १७ विकेट लिएका छन्। गत वर्ष उत्कृष्ट फर्ममा ब्याटिङ गरी उनले दुई अर्धशतक लगाएका थिए। यसक्रममा उनले १३ चौका र आठ छक्का प्रहार गरेका थिए।

मार्टिन गुप्टिल (विराटनगर)

न्युजिल्यान्डका चर्चित बायाँहाते ब्याट्सम्यान गुप्टिल लगातार दोस्रो सिजन पनि विराटनगरबाटै खेल्दै छन्। विराटनगरले उनलाई विदेशी खेलाडीको कोटामा भित्र्याएको हो। पहिलो सिजनमा ठुला नाम गरेका विदेशी खेलाडीमा उनी पनि शीर्ष स्थानमै थिए। गत वर्ष प्ले अफ स्थान बनाउन नसकेको विराटनगरले योपटक उनीबाट धेरै आशा गरेको छ। गुप्टिलले पहिलो सिजनमा ६ खेलमा १ सय ३७ रन बनाए। यसक्रममा उनले एक अर्धशतकीय इनिङ्स खेले। एनपिएलमा उनको स्ट्राइक १२०.१७ रहेको छ। उनले १५ चौका र ५ छक्का प्रहार गरेका थिए। एकदिवसीय विश्वकपमा उनको नाममा रेकर्ड छ।



कुशल भुर्तेल (पोखरा)

टी-२० फर्म्याटमा कुशल अहिले फर्ममा छन्। उनले नेपाललाई लगातार दोस्रो र तेस्रोपटक टी-२० विश्वकपको स्थान पक्का गराउन उत्कृष्ट ब्याटिङ गरेका थिए। यद्यपि, आइसिसी विश्वकप लिग २ मा भने उनको ब्याटिङ तारिफ योग्य भएन। गत सिजनमा खर्चिलो फ्रेन्चाइज टोली बनेको पोखराले यसपटक मध्यम लगानी गरेको छ। पोखराले ओपनिङमा कुशलबाट आक्रामक ब्याटिङ अपेक्षा राखेको छ। फेरि त्रिवि क्रिकेट मैदानमा उनको ब्याटिङ सधैं राम्रो हुन्छ। पहिलो सिजनमा उनले पोखराबाट सात खेलमध्ये ६ इनिङ्समा ब्याटिङ अवसर पाउँदा केवल ५४ रन मात्र जोडे। उनले ३१ सर्वाधिक रन बनाएका थिए। पहिलो सिजनमा उनले दुई चौका र चार छक्का प्रहार गरे।

एनपिएल खेल्न आइपुगे निसम

न्युजिल्यान्डका अलराउन्डर जिमी निसम दोस्रो एनपिएल खेल्न काठमाडौं आइपुगेका छन्। निसमले पोखरा एभेन्जर्सबाट एनपिएल खेल्नेछन्। उनी अघिल्लो सिजनमा पनि जनकपुर बोल्ट्सबाट प्रतिस्पर्धा गरेका थिए। गत वर्ष जनकपुरले पहिलो संस्करणको एनपिएल उपाधि जित्दा निसमको योगदान विशेष रहेको थियो। यसपटक पोखराले उनलाई टेस्ट राष्ट्रको कोटाबाट उनलाई भित्र्याएको हो। निसमले पहिलो संस्करणमा जस्तो ब्याटिङ र बलिङमा पोखरालाई उच्च योगदान दिने लक्ष्य राखेका छन्। पोखराले निसमलाई त्रिभुवन विमानस्थलमा भव्य स्वागत गरिएको छ। नेपाल आएपछि उनले पोखराबाट एनपिएल खेल्न उत्साहित रहेको बताए।



'पोखराबाट यसपटक पनि एनपिएलमा आबद्ध हुन अवसर पाएँ,' उनले भने, 'डे नाइटमा खेल्न म उत्साहित छु।' ३५ वर्षीय अलराउन्डर निसम टेस्ट राष्ट्रबाट अनुबन्ध हुने ठुला नाममध्येमा पर्छन्। उनले न्युजिल्यान्डका लागि १२ टेस्ट, ७६ एकदिवसीय र ९३ टी-२० आई खेलेका छन्।

उनले टी-२० आईमा एक हजार १० रन तथा बलिङमा ५६ विकेट लिएका छन्। उनले आइपिएल, विगबास, क्यारेबियन प्रिमियर लिग, पाकिस्तान सुपर लिग, बंगलादेश प्रिमियर लिग र द हन्ड्रेड बल क्रिकेट खेलेका छन्। ३५ वर्षीय अलराउन्डर निसम टेस्ट राष्ट्रबाट अनुबन्ध हुने ठुला नाम मध्येमा पर्छन्। उनी एनपिएलमा अनुबन्ध हुने न्युजिल्यान्डका तेस्रो खेलाडी हुन्। निसमको आगमनपछि पोखरा उत्साहित बनेको छ। निसमबाट पोखराले ब्याटिङ र बलिङमा फाइदा लिनेअपेक्षा छ।



आजको तस्बिर

दोस्रो नेपाल प्रिमियर लिगअन्तर्गत सोमबार जनकपुर बोल्ट्स र काठमाडौं गोर्खाजबिचको डे-नाइट खेल दर्शकले पहिलोपटक कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालामा सिटमै बसेर हेरेका छन्। १३ हजार क्षमताको रंगशालाको पहिलो खेलको टिकट पूरै बिक्री भएको थियो। आयोजक नेपाल क्रिकेट संघ (क्यान)ले मैदानभित्र र बाहिर सुरक्षा व्यवस्थापन चुस्त बनाएको थियो।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com